# बालविवाह विरुद्धको अधिकार

## सञ्चार स्रोत सामग्री



महिला, कानून र विकास मञ्च
२०५२
FWLD
अविभेद र समानताका लागि कार्यरत

# बालविवाह विरुद्धको अधिकारः

सञ्चार स्रोत सामग्री

© महिला, कानुन र विकास मञ्च **(FWLD)**

२०७६

प्रकाशन नं. : २१६

यो स्रोत सामग्रीको कुनै पनि अंशको प्रतिलिपि तयार गर्न, अनुवाद र विषयानुकूल बनाउन सकिने छ तर यसरी तयार गरिएको स्रोत सामाग्रीका अंशहरूलाई निःशुल्क वितरण गरिएको हुनुपर्नेछ । साथै FWLD लाई लेखकको रूपमा पहिचान गरिएको हुनुपर्दछ । यस स्रोत सामग्रीलाई कुनै पनि व्यवसायिकताको रूपमा पुनः प्रकाशनको लागि लेखकसँग लिखित रूपमा पूर्व अनुमति लिनुपर्नेछ । अनुमति लिई प्रकाशन गरेको स्रोत सामग्रीको कुनै पनि सूचना तथा अंशहरूको एकप्रति लेखकलाई प्राप्त गराएमा यी संस्थाहरू आभारी हुनेछ ।

यो सामग्री **Center for Reproductive Rights (CRR)** को सहयोगमा तयार पारी प्रकाशन गरिएको छ ।

# मन्तव्य



बालविवाह विरूद्धको अधिकार हरेक बालबालिकाको अधिकार हो। नेपालको संविधानले बालविवाह विरूद्धको अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। यसैगरी नेपाल समेत पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूले बालविवाह विरूद्धको अधिकारलाई मानव अधिकारको रूपमा अङ्गिकार गरेको छ । यसबाहेक नेपालको राष्ट्रिय कानून तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूले पनि यसलाई बालबालिकाको मानव अधिकारको अवधारणाको रूपमा प्रत्याभूत गरेको छ ।

बालविवाहविरूद्धको अधिकारलाई बालबालिकाको मानव अधिकारमुखी अवधारणाको रूपमा विकास गरेता पनि अहिलेसम्म समाजमा रहेका परम्परा, गरिबी, दाइजो प्रथा, धार्मिक र सामाजिक दबाव, शिक्षाको अभाव आदि जस्ता कारणहरूले बालबालिकाको संवैधानिक तथा कानूनी अधिकारलाई सहज रूपमा उपभोग गर्न पाउने वातावरण विकास भएको पाईदैन । यी कारणहरूले एकातर्फ आफ्नो अधिकारको उपभोग गर्नबाट बालबालिकाहरू वञ्चित भईरहेका छन् भने अर्कोतर्फ जीवन र स्वास्थ्यमाथि गम्भीर जोखिम भईरहेको छ ।

यसैलाई मध्यनजर गरेर सेन्टर फर रिप्रोडक्टिभ राइट्स (CRR) को सहकार्यमा महिला, कानून र विकास मञ्च (FWLD) ले बालविवाहविरूद्धको अधिकार सम्बन्धी पत्रकारिताको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो स्रोत सामग्री प्रकाशन गरिएको छ । पत्रकारितामार्फत कसरी बालविवाहविरूद्धको अधिकारका विषयवस्तुलाई गहन विषयवस्तु बनाउन सकिन्छ र सो मार्फत समाजमा गढेर रहेको सोच, धारणा र व्यवहारहरू परिवर्तन गर्न र नीति निर्माता तथा कार्यान्वयनकर्ताहरूमा कसरी जवाफदेहिता वहन गराउन सकिन्छ भन्ने विषयवस्तुलाई उठान हुने गरि यो स्रोत सामग्री प्रकाशन गरिएको छ ।

पत्रकारले बालविवाहविरूद्धको अधिकार सम्बन्धमा कसरी खोज पत्रकारिता गर्ने, त्यसका मापदण्डहरू, विषयवस्तुको छनौट, घटनाको विस्तृत अध्ययन साथै प्रस्तुति कसरी गर्न सकिन्छ भन्ने विषयवस्तुमा रहेर बालविवाहविरूद्धको अधिकारमा खोज पत्रकारिता गर्न सघाउ पुऱ्याउने उद्देश्यले यो अध्ययन प्रकाशन गरिएको छ । बालविवाहविरूद्धको अधिकारअन्तर्गत रहेर खोज पत्रकारिता गर्ने तर्फ यो स्रोत सामग्री केन्द्रित रहेको हुँदा सञ्चारकर्मीहरूको लागि सहयोगी र उपयोगी रहनेमा आशावादी छौं ।

अन्त्यमा, यस स्रोत सामग्रीका लागि लेखन गर्नु हुने वरिष्ठ पत्रकार श्री शिव गाउँलेज्युले खेल्नु भएको महत्वपूर्ण भूमिकाको लागि हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी महिला, कानून र विकास मञ्च (FWLD) ले प्रदेशस्तरमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका सहभागी सञ्चारकर्मीहरूबाट प्राप्त सुझावहरूका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै, यो सामग्री परिमार्जन तथा अन्तिम स्वरूप दिनु हुने अधिवक्ता पूर्णा श्रेष्ठ, अधिवक्ता प्रभाकर श्रेष्ठ, अधिवक्ता नबिन कुमार श्रेष्ठ र अधिवक्ता दीपेश श्रेष्ठ तथा स्रोत सामग्रीको साजसज्जामा सहयोग गर्नु हुने श्री हिमाल श्रेष्ठप्रति धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु ।



**सविन श्रेष्ठ**
कार्यकारी निर्देशक
महिला, कानुन र विकास मञ्च (FWLD)

# विषय सूची


**पृष्ठभूमी** ........ **१**

**उद्देश्य** ........ **२**

१. **पत्रकारिता र बालविवाह** ........ **२**

२. **बालविवाहविरूद्धको दृष्टिकोण** ........ ३

क) बालविवाहविरूद्धको अधिकार ........ ३

ख) बालविवाहबाट प्रभावित बालबालिकाहरूको अधिकार ........ ३

३. **नेपालमा बालविवाहको अवस्था र असरहरू** ........ **३**

बालविवाहका असरहरू ........ ४

बहुआयामिक हानीको शृंखला जीवनचक्र भरि निरन्तर ........ ५

स्वास्थ्यमा नकारात्मक असर ........ ५

नेपालको संविधानले सुनिश्चित गरेका अधिकारहरूको उल्लघंन ........ ६

४. **बालविवाहलाई सम्बोधन गर्ने सिद्धान्तहरू** ........ **७**

५. **बालविवाहविरूद्ध कानुनी व्यवस्थाहरू** ........ ८

**राष्ट्रिय कानुनी व्यवस्था :** क) नेपालको संविधान ........ ८

ख) मुलुकी अपराध संहिता, २०७४ ........ ९

ग) मुलुकी देवानी संहिता, २०७४ ........ ९

घ) बालबालिकासम्बन्धी ऐन, २०७५ ........ ९

ङ) नेपालका विभिन्न अदालतहरूबाट बालविवाह सम्बन्धमा भएका महत्वपूर्ण निर्णयहरू ........ १०

**अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेज** ........ **१२**

६. **बालविवाहविरूद्धको अधिकारका लागि खोज पत्रकारिता** ........ **१४**

क) बालविवाहमा खोज पत्रकारिता ........ १४

ख) खोज पत्रकारितामा बालविवाह विषयबस्तुको छनौट ........ १५

ग) बालविवाहसम्बन्धी संचार सामाग्री तयार पार्दा अपनाउनु पर्ने मापदण्डहरू ........ १७

अ) सूचना सामग्री संकलन ........ १७

आ) तथ्याङ्क ........ १८

इ) बिशेषज्ञका भनाइ ........ १९

ई) तुलना वा विरोधाभाष ........ १९

उ) बिश्लेषण ........ १९
ऊ) प्रस्तुति ........ १९
घ) बालविवाहसम्बन्धी संचार सामाग्री तयार गर्दा अवलम्बन गर्नुपर्ने मान्यताहरू ........ २१
अ) रिर्पोटिङ ........ २१
आ) संवाददातामा न्युनतम गुणहरू ........ २१

**अनुसूची १**
**अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूमा रहेका बालविवाहविरूद्धका व्यवस्थाहरू ........ २३**
महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ ........ २३
बालअधिकार महासन्धि ........ २४
नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ........ २६
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ........ २७
दिगो विकासका लक्ष्यहरूको कार्यसूची ........ २८
अन्य अन्तर्राष्ट्रिय दस्तावेजमा भएका व्यवस्थाहरू ........ २८

**अनुसूची २**
**राष्ट्र संघिय सन्धि अनुगमन समितिहरूले नेपाललाई बालविवाह सम्बन्धमा दिएको सुझावहरू ........ ३०**
मानव अधिकार परिषदको विश्वव्यापी आवधिक समीक्षा ........ ३०
बाल अधिकार समिति ........ ३०
आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समिति ........ ३१
मानव अधिकार समिति ........ ३२
महिला विरूद्धको भेदभाव उन्मूलनसम्बन्धी समिति ........ ३२

**अनुसूची ३**
**बालविवाह सम्बन्धी संचार सामाग्रीका केही उदाहरणहरू ........ ३३**

## पृष्ठभूमि

सामान्य अर्थमा "बालविवाह" भन्नाले कानुनले तोकेको उमेर नपुगी वा बाल्य अवस्थामा गरिने विवाह हो । विभिन्न देशहरूको कानुनले आ–आफ्नो राष्ट्रिय परिप्रेक्ष्य अनुसार विवाह गर्ने उमेर तोकेको हुन्छ । नेपालको सन्दर्भमा एक वा दुवैजनाको उमेर २० बर्षभन्दा मुनिको विवाह बालविवाह हुन्छ । नेपालमा बालबालिकाको परिभाषा अन्तर्गत तोकिएको उमेर (१८ वर्ष) र बालविवाहको लागि तोकिएको उमेर (२० वर्ष) फरक फरक रहेको छ । यसर्थ, नेपालको सन्दर्भमा 'बाल विवाह' भन्नाले नेपालको प्रचलित कानुन अनुसार २० बर्षभन्दा कम उमेरमा गरिने विवाह हो ।

नेपालमा बालविवाह एक बहुआयामिक र जटिल समस्याको रूपमा रहेको छ । मानव अधिकारको गम्भिर उल्लङ्घन र लैङ्गिक विभेदको रूपमा बालविवाह रहेको छ । २०६८ सालको जनगणना अनुसार नेपालमा विवाहित महिलामध्ये ७५ प्रतिशत २० वर्ष उमेर मुनिका रहेका छन् । बालविवाहले बालक र बालिका दुवैलाई नकारात्मक असर पार्ने भएता पनि बालिकाहरू यसबाट बढी मात्रामा पीडित हुने गर्दछन् । वैवाहिक सम्बन्धभित्र हुने यौन तथा शारीरिक शोषण एवं हिंसा र विशेषगरी महिलाको प्रजननसम्बन्धी भूमिकाको कारण, बालविवाह गर्ने महिला तथा बालिका बाल्यकालमै आमा बन्नु पर्ने बाध्यताले गर्दा तिनीहरूको स्वास्थ्य, शिक्षा, रोजगारी लगायत मर्यादित जीवनका लागि अपरिहार्य अन्य कैयौं मानव अधिकारको उपभोगबाट वञ्चित हुन्छन् ।

बालविवाह विरूद्धको अधिकारको क्षेत्रमा केही सकारात्मक पहलहरु भएको छ । नेपालको संविधान[१] तथा मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४ ले बालविवाहलाई कसूर कायम गर्ने तथा बालविवाह विरूद्धको अधिकारलाई संरक्षण गरेको छ । यसका साथै नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताले बालविवाह भएका दोषीलाई कारवाही तथा पीडितलाई पर्याप्त परिपूरण प्रदान गर्नुपर्ने दायित्व नेपाल सरकारलाई सृजना गरेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा जे जस्तो लेखिए तापनि सांस्कृतिक परम्परा, चिन्तन तथा सामाजिक आर्थिक परिवेशले बालविवाह गराउन सघाउ पुऱ्याइरहेको हुन्छ । नेपाली समाजमा बालविवाह कुनै खास जाति वा समुदायमा सीमित छैन । यो प्रथा हिमालदेखि तराईसम्म फैलिएको छ । बालविवाहको कारणले शारीरिक र मानसिक परिवर्तन हुने उमेरका बालबालिकाहरु वैवाहिक बन्धनमा बाँधिन पुग्छन् । यसको परिणाम सबैभन्दा पहिले उनीहरूको शिक्षा पाउने अधिकार समाप्त पारी दिन्छ । त्यसपछि उनीहरु यौन दुर्व्यहार, स्वास्थ्य समस्या र घरायसी उल्झनमा पर्छन् । यसपछि तिनका सन्तानले यो समस्या भोग्छन् र यो चक्र बर्षौबर्ष चलिरहन्छ । बालिका र किशोरीको व्यक्तित्व विकासको समाप्ती यसको सबैभन्दा ठूलो प्रहार हो ।

बालविवाहको दर, वासस्थान, भौगोलिक क्षेत्र, शैक्षिकस्तर, घर परिवारको आम्दानीको स्तर, जातजातिको आधारमा फरक फरक छ । मुख्यतया ग्रामिण भेग र सीमान्तकृत समुदायमा बालविवाह बढी देखिन्छ ।

---

१. नेपालको संविधानको धारा ३९(५)

## उद्देश्य

- संचारकर्मीहरूलाई बालविवाहविरूद्धको अधिकारको आवश्यकता तथा महत्वका बारेमा जानकारी गराउने ।
- बालविवाहविरूद्धको अधिकार र यसको अवधारणाका विषयबस्तुहरु तथा सञ्चारकर्मीहरूबीचको अर्न्तसम्वन्धका बारेमा जानकारी गराउने ।
- बालविवाहविरूद्धको अधिकारमा रहेर पत्रकारिता गर्दा संचारकर्मीको भूमिका तथा खोजपत्रकारिता गर्दा अपनाउनु पर्ने कार्यविधिहरूको बारेमा जानकारी गराउने ।

## १. पत्रकारिता र बालविवाह

सामान्य अर्थमा समाचार र सम्पादकीय अर्न्तवस्तुको प्रस्तुति नै पत्रकारिता हो । माध्यम र बिषयवस्तुका दृष्टिले यसलाई अझ ब्यापक अर्थमा पनि प्रस्तुत गर्न सकिन्छ । टेलिभिजन माध्यममा समाचार, समाचारमूलक कार्यक्रम, वहस छलफलहरु पत्रकारिताको परिभाषामा समेटिन सक्छन् । रेडियोका हकमा पनि समाचार, समाचारमुलक प्रस्तुतिहरु, वहस र छलफल कार्यक्रमहरूलाई पत्रकारिताका अङ्गभित्र समेटन सकिन्छ । अझ अनलाइन पत्रकारिताले त टेलिभिजन, रेडियो र प्रिन्ट तीनै माध्यमलाई बोकेको हुन्छ । पत्रकारिताको मुख्य काम सूचना र विचार दिने भएकोले हुनसक्छ यसका परिभाषाहरु प्राय एकैखाले छन् ।

समाचारको बिषयवस्तु, परिस्थिति र अवस्था भने गतिशिल हुन्छ । समय अनुसार कुनै बेला त्यही बिषय ठूलो समाचार बन्छ भने कतिपय अवस्थामा त्यो कम महत्वको समाचार हुनसक्छ । पत्रकारिताका विद्वानहरूको मान्यता नै छ कि- समाचार परिवर्तनशील हुन्छ ।

पत्रकारिता समाजको दर्पण हो । पत्रकारिताको सामाजिक दायित्व अर्न्तगत समाजमा भए गरेका घटना वा तीनका प्रवृतिलाई समाज समक्ष प्रस्तुत गर्छ । यस अर्थमा यसलाई समाजको ऐना पनि भनिन्छ । यसै कारण हुनसक्छ पत्रकारितालाई 'समाजलाई आफैसँग संवाद गर्न सिकाउने माध्यम' पनि भनिन्छ । तर पत्रकारिताले समाजमा एजेण्डा पनि निर्धारण गर्न थालेको हुनाले हुनसक्छ पत्रकारिताको आधुनिक अवधारणाले यसलाई समाजको ऐना मात्रै नभएर परिवर्तनको साधन पनि मान्न थालिएको छ । पत्रकारिताको सामाजिक दायित्वले पनि यसै भन्छ ।

मानव अधिकार पत्रकारिता पुस्तकमा प्रेसको सामाजिक उत्तरदायित्वको सिद्धान्त खण्डमा भानुभक्त आचार्य लेख्छन् ***"पत्रकारका लागि आवश्यक समाचार सामग्री समाजबाट आउँछन् । प्रकाशित सामग्रीको उपभोग पनि समाजले नै गर्छ । एउटा निश्चित सामाजिक परिधिलाई लक्षित गरेर प्रेस वा आमसञ्चार माध्यम सञ्चालन हुने भएकोले समाजभन्दा बाहिर उसको अस्तित्वनै रहँदैन । तसर्थ समाजमा भएका विकृतिलाई चेतनाको माध्यमबाट क्रमस हटाउँदै जानु र राम्रा कुराहरूलाई प्रोत्साहित गर्नु प्रेसको सामाजिक दायित्व हो ।"***

यसै सन्दर्भमा बालबालिकाको मानव अधिकारको विषय बस्तुलाई उठान गर्नु पर्दा बालविवाह, जुन सामाजिक कुरिती मात्र नभई मानव अधिकारको गम्भीर उल्लघंन पनि हो, अत्यन्त सान्दर्भिक हुन्छ । समाजमा रहेको बालविवाहको व्यापकता, यसवाट बालबालिका लगायत परिवार, समाज र सर्म्पूण राष्ट्रले व्यहोर्न पर्ने व्यक्तिगत तथा सामाजिक प्रभावलाई निती निर्माणकर्ता तथा निती कार्यान्वयनकर्ताको ध्यान आकर्षण गरी नितिगतरूपमा सम्बोधन गर्न पत्रकारीताले गहन भुमिका खेल्दछ । यसका साथै सामाजिक सचेतना जगाई बालविवाह सम्बन्धी जनधारणा परिवर्तन गर्ने कार्य पत्रकारिताको सामाजिक उत्तरदायत्विको दायराभित्रै पर्दछ ।

## २. बालविवाहविरुद्धको दृष्टिकोण

बालविवाह विरूद्ध निम्न दृष्टिकोणहरु रहेका छन्ः

### क) बालविवाहविरुद्धको अधिकार

बालविवाह सामाजिक रूपमा निकै लामो अभ्यासको रूपमा रहेको कुप्रथा हो । बालविवाहलाई कतिपय सामाजिक तथा धार्मिक विश्वासको आधारमा मान्यता दिएको हुन्छ । बालविवाहमा कतिपय अवस्थामा बालबालिकाका अभिभावक तथा सामाजिक रूपमा गन्यमान्य व्यक्तिको संलग्नता हुन्छ । तर, बालविवाह विरूद्धको अधिकार सम्बन्धी दृष्टिकोणले बालविवाहलाई कसूरको रूपमा व्यवस्था गर्नुपर्ने र यसमा संलग्नहरूलाई दण्ड सजाय दिनु पर्ने अवधारणा लिएको छ । कतिपय अवस्थामा बालविवाह कसूर भए पनि गैरकानुनी विवाहको रूपमा नलिई सम्पन्न भएको बालविवाहलाई विवाहको रूपमा मान्यता दिने अभ्यास रहेको छ । यस दृष्टिकोणले बालविवाहलाई कसूरको रूपमा मात्र परिभाषा नगरी बालविवाहलाई बदर गर्ने र यसको परिणामलाई शुन्य बनाउने अवधारणा लिएको छ । अतः यो दृष्टिकोणले बालविवाहको अपरार्ध नियन्त्रण गर्नुपर्ने अवधारणामा जोड दिन्छ ।

### ख) बालविवाहबाट प्रभावित बालबालिकाहरुको अधिकार

नेपाली समाजमा अझै पनि पितृसत्तात्मक सोचबाट बदलिन सकेको छैन । फलस्वरूप नेपालमा अझै पनि परम्परागत चलन तथा रीतिरिवाजको नाममा बालविवाह हुँदै आएको देखिन्छ । बालबालिकालाई सानो उमेरमै विहे गराएमा धर्म हुने जस्ता भ्रम तथा गलत मान्यताले गर्दा बालबालिकाहरूको कलिलो उमेर मै विवाह भएको देखिन्छ । यसका कारण बालबालिकाहरूको शारीरिक, मानसिक तथा संबेगात्मक विकासमा अवरोध हुन्छ । यस्तै यौन सम्पर्कमा जबरजस्ती बस्नुपर्ने अवस्था सृजना हुनु, सोको कारणले विभिन्न रोगहरूबाट प्रभावित हुनुका साथै कलिलो उमेरमै आमा बन्नु पर्ने बाध्यता हुन्छ जसले गर्दा प्रजनन स्वास्थ्य तथा जीवनमा दीर्घकालिन असरहरु पर्न जान्छ । यस्तै बालविवाहले बालबालिकाहरूका विकासका अन्य विभिन्न अवसरहरु प्राप्त गर्नबाट समेत वञ्चित हुने गरेका छन् ।

बालविवाहबाट प्रभावित बालबालिकाहरूको अधिकार सम्बन्धी दृष्टिकोणले बालविवाह बदर गरी यसको परिणामलाई शुन्य गर्नुका साथै बालविवाहबाट प्रभावित बालबालिकाहरूको विभिन्न अधिकारहरु जस्तै क्षतिपूर्तिको अधिकार, संरक्षण गृहमा बस्न पाउने अधिकार, अन्तरिम संरक्षणको अधिकार, बालविकासका अवसरहरूका अधिकार लगायतका अधिकारहरु सुनिश्चित गर्नुपर्ने अवधारणा लिएको छ । यस दृष्टिकोणले बालविवाहलाई कसूरको रूपमा परिभाषित गर्नुका साथसाथै बालविवाहबाट प्रभावित बालबालिकाहरूको अधिकारहरूको संरक्षणको अवधारणामा जोड दिएको छ ।

## ३. नेपालमा बालविवाहको अवस्था र असरहरु

नेपालमा बालविवाह एक जटिल र जेलिएको समस्या रहेको छ । नेपालमा बालविवाहको दर वासस्थान, भौगोलिक क्षेत्र, शैक्षिकस्तर, घरपरिवारको आम्दानीको स्तर, जात जातिका आधारमा फरक फरक रहेको छ, मुख्य गरी ग्रामीण भेग र सीमान्तकृत समुदायमा बालविवाह बढी देखिन्छ ।

नेपालको संविधानले बालविवाह विरूद्धको अधिकारलाई मौलिक अधिकारको रूपमा संरक्षण गरेको छ । यसका साथै बालविवाहलाई कानुनी रूपमा बन्देज लगाइएको छ । नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानुनले बालविवाहको रोकथाम, उल्लंघनमा दोषीलाई कारवाही तथा पीडितलाई पर्याप्त परिपूरण प्रदान गर्ने दायित्व राज्यलाई दिएको छ । तर अपर्याप्त र एकआपसमा बाझिएका कानुनी व्यवस्था, भएको काननुको फितलो कार्यान्वयन, जवाफदेहिताको अभाव र समाजमा बालविवाहसँग जोडिएर रहेका धार्मिक, सामाजिक एवं पारिवारिक प्रथा र मान्यताले गर्दा बालविवाहले निरन्तरता पाउने गरेको छ ।

बालविवाहको घटनाका दोषीलाई दण्डित गरी कानुनी शासन र जवाफदेहि वातावरण सृजनागर्न पनि सकिएको छैन । उदाहरणको लागि नेपाल प्रहरीमा आ.व. २०५३/५४ देखि २०७०/७१ सम्म जम्मा ९३ वटा मात्रै बालविवाह सम्बन्धी मुद्दा दर्ता भएका छन् । त्यसै गरी महान्यायाधिवक्ताको कार्यालयको २०७०/७१ को वार्षिक प्रतिवेदनमा सो आर्थिक वर्षभित्र देशभरका सबै जिल्ला अदालतमा जम्मा २० वटा र २०७१/७२ को वार्षिक प्रतिवेदनमा सो आर्थिक वर्षभित्र नेपालभरिमा जम्मा ३० वटा मात्र बालविवाहका मुद्दाहरूको अभियोजन भएको उल्लेख छ । यसले बालविवाह जस्तो गम्भीर अपराध तथा मानव अधिकार हननलाई निरूत्साहित गर्ने विद्यमान ऐन कानुनको प्रभावकारी कार्यान्वयनको अभावलाई प्रष्टसँग दर्शाउँछ ।

बालविवाह जस्तो जघन्य अपराधलाई व्यवहारिक रूपमा उन्मूलन गर्न जवाफदेहि संस्कृति विकास गर्नु आवश्यक छ । जिम्मेवार निकाय र सबै सरोकारवालालाई बालविवाहको गाम्भीर्यता बुझाउनु, यसले मुख्यगरी महिला र बालिकामा पार्न सक्ने नकारात्मक जीवनचक्रीय असर बारे बताउनु तथा यस्तो मानव अधिकार उल्लंघन र त्यसमा संलग्नहरूलाई जवाफदेहि बनाउनु तत्काल नगरी नहुने काम हुन् ।

**नेपालमा बालविवाह**

- नेपालमा ७५% विवाहित महिलाहरु २० वर्ष उमेर नपुग्दै विवाह गरेको छ ।

*- नेपालको राष्ट्रिय जनगणना, २०११*

नेपाली समाजमा पुरूषको पनि कम उमेरमा विवाह हुने गर्छ तर महिलाको तुलनामा त्यो संख्या झण्डै एक चौथाइले कम छ । नेपालको राष्ट्रिय जनगणना, २०११ अनुसार नेपालका ७५% विवाहित महिलाहरु २० वर्ष उमेर नपुग्दै विवाह हुने गरेको छ । त्यस्तै नेपालको जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण (NDHS) २०१६ अनुसार, ***"नेपालका २५ देखि ४९ वर्षसम्मको विवाहित महिलाहरूमध्ये ७२% को विवाह २० वर्ष उमेर पुग्दै हुने गरेको छ ।"*** यसले पनि देखाउँछ किशोरीहरु किशोरको तुलनामा धेरै नै बालविवाहको शिकार हुने गरेका छन् । यसले सिर्जना गर्ने लैङ्गिक विभेद र सामाजिक असन्तुलनले लोकतान्त्रिक भनिएको राज्य प्रणालीलाई नै कुरूप बनाउनेछ । तसर्थ यो सीमित परिवारको मात्रै सरोकार भएको सामान्य बिषय होइन ।

## बालविवाहका असरहरू

बालविवाहको कारणले बालबालिकाहरूमा विभिन्न असरहरु गरेको पाइन्छ, जसले गर्दा बालबालिकाहरूले आफ्नो मानव अधिकारका विषयवस्तुहरूलाई उपभोग गर्न पाइरहेका छैनन् । बालविवाहबाट परेका असरहरूलाई तल चार्टमा उल्लेख गरिएको छ ।




National Adolescent and Youth Survey -2011




NDHS-2016




## बहुआयामिक हानिको शृंखला जीवनचक्र भरि निरन्तर

बालविवाहको कारणले गर्दा बालिकाहरूमा बहुआयामिक हानिकारक श्रृंखला जीवनचक्र भरि निरन्तर रहने गर्दछ, जसअन्तर्गतः

- १५ देखि १९ वर्ष सम्मका विवाह गर्ने किशोरीहरूमा १५% ले मात्र गर्भनिरोधको साधन प्रयोग गरेको[२]
- करीब १/ ५ महिलाले १९ वर्ष अगावै सन्तानलाई जन्म दिसकेका हुन्छन् ।[३]

## स्वास्थ्यमा नकारात्मक असर

बालविवाहको कारणले गर्दा बालिकाहरूको स्वास्थ्यमा नकारात्मक असर रहने गर्दछ, जसअन्तर्गतः

- नेपालमा प्रत्येक १,००० वटा बालबालिका मध्ये ८८ वटा को जन्म किशोरी आमावाट हुन्छ, दक्षिण एशियामानै तेस्रो उच्च स्थानमा ।[४]
- नेपालमा २० वर्ष मुनिका ३७ ५ बालिकाहरूले घरमा वा अन्य असुरक्षित स्थानहरूमा सुत्केरी गराउँदछन् ।[५]
- २० वर्ष मुनिका गर्भवती बालिकाहरु तीन गुणा बढी मातृमृत्युको जोखिममा छन् ।[६]

---

२. नेपालको जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०१६
३. ऐ. ऐ.
४. ऐ. ऐ.
५. ऐ. ऐ.
६. Nepal Maternal Mortality and Morbidity Study, 2008/2009

- नेपालमा महिला पाठेघर सम्बन्धि समस्यावाट पिडित ।
- हिंसाको चक्रमा परि शारीरिक तथा मानसिक यातना
- यौनिक हिंसा भोग्ने मध्ये ८०५ ले आफ्नो श्रीमान वाट बाट पिडित हुने बताएका छन् ।[७]
- १५ - ४९ वर्षका किशोरी तथा महिलाहरु मध्ये एक चौथाई (२६%) शारीरिक हिंसा भोगेको ।[८]

## नेपालको संविधानले सूनिश्चित गरेको अधिकारको उल्लघंन

नेपालको संविधानले स्थापित गरेका मौलिक अधिकारका विषयहरु बालविवाहका कारणले निरन्तर रूपमा उल्लङ्घन भइरहेको छ, जुन मानव अधिकारको उल्लङ्घन पनि हो । उल्लङ्घन भएका मौलिक हक तथा अधिकारहरु तल चार्टमा उल्लेख गरिएको छ ।




७. नेपालको जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०१६
८. नेपालको जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०१६

## ४. बालविवाहलाई सम्बोधन गर्ने बालअधिकारका सिद्धान्तहरू

बालविवाहलाई सम्बोधन गर्नका लागि बालअधिकारका निम्न सिद्धान्तहरु सान्दर्भिक रहेका छन् :




- **समानताको अधिकार :** प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।
- **बालबालिकाको सर्वोत्तम हित :** बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।
- **बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।
- **संरक्षणः** बाल विवाह लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।
- **अर्थपूर्ण सहभागिताः** बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरूप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धिभै उनीहरूको महत्व बढाउन योगदान पुग्छ ।
- **राज्यको दायित्वः** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रूपमा रहेको बालविवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने ।

> "बालविवाहलाई सम्बोधन गर्ने माथि उल्लेखित बाल अधिकारका सिद्धान्तहरूलाई बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीतिले समेत आत्मसात गरेको छ ।"

## ५. बालविवाहविरुद्ध कानूनी व्यवस्थाहरू

### राष्ट्रिय कानुनी व्यवस्था

### क) नेपालको संविधान




नेपालको संविधानले बालविवाह लगायत लैङ्गिक विभेद र हिंसाको अन्तयका लागि महत्वपूर्ण कानुनी आधार प्रदान गरेको छ । सबैभन्दा महत्वपूर्ण कुरा संविधानले पहिलो पटक बालविवाहलाई स्पष्टतः निषेध गरेको छ । निषेधित बालविवाह लगायतका बालबालिका विरूद्धका कार्यहरु कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरिएको छ र पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । संविधानले बालविवाहविरूद्धको अधिकार सम्बन्धी प्रदान गरेका मौलिक हकहरु निम्न अनुसार रहेका छन् :

**सम्मानपूर्वक बाँच्न पाउने हकः**

- प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । *(धारा १६(१))*

**स्वतन्त्रताको हकः**

- कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । *(धारा १७(१))*

**समानताको हकः**

- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । *(धारा १८ (२))*

**अपराध पीडितको हकः**

- अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । *(धारा(२))*

**शोषण विरूद्धको हकः**

- धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । *(धारा २९(२))*

**शिक्षा सम्बन्धी हकः**

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । *(धारा ३१(१))*

**स्वास्थ्य सम्बन्धी हकः**

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । *(धारा ३५(१))*
- प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । *(धारा ३५(२))*
- प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । *(धारा ३५(३))*

**महिलाको हकः**

- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । *(धारा ३८ (२))*
- महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । *(धारा ३८ (३))*

**बालबालिकाको हकः**

- कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसार पसार र अपहरण गर्न बन्धक राख्न पाईने छैन । ***(धारा ३९(५))***
- सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । ***(धारा ३९(६))***
- उपधारा (५), (६) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । ***(धारा ३९(१०))***

## ख) मुलुकी अपराध संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भनी व्यवस्था गरेको छ ।[९] उक्त ऐनमा तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने व्यवस्था गरेको छ ।[१०] बालविवाहको कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरीवाना हुन्छ[११] भनि बालविवाह गर्ने गराउने कार्यलाई दण्डनीय हुने व्यवस्था गरेको छ ।

कसैले बालविवाह गर्न लागेमा वा गरेको थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा उजुरी दिनु पर्ने र यस्तो उजुरी जोसुकैले पनि दिन सक्ने साथै बालविवाह भएको देख्ने जोसुकैले थाहा पाएको तीन महिनाभित्र उजुर गर्नु पर्दछ भनी बालविवाह विरूद्ध बालबालिकाको संरक्षणको सिद्धान्तलाई अङ्गिकार गरेको छ । उमेर नपुगेका केटा केटीको विवाह गर्ने गराउनेबाट लिएको जरिवाना रकम पीडित बालबालिकालाई क्षतिपूर्ति वापत दिनु पर्ने व्यवस्था समेत गरेको छ ।

यस ऐनमा अठार बर्ष भन्दा कम उमेरको बालिकालाई मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी हुने परिभाषा गरेको छ ।[१२] अतः कसैले बालविवाह अन्तर्गत करणी लिन दिन भएको रहेछ भने बालविवाहको साथसाथै जबरजस्ती करणीमा समेत कारवाही हुन्छ ।

## ग) मुलुकी देवानी संहिता, २०७४

मुलुकी देवानी संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ ।[१३] उक्त ऐनमा तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर तथा प्रारम्भदेखि नै अमान्य हुने[१४] व्यवस्था गरेको छ । ऐनले तोकेको उमेर नपुगी पुरूषसँगको शारीरिक सम्पर्कबाट शिशु जन्मेको भए पनि सोही कारणले पुरूष र महिलाबीच स्वतः विवाह भएको मानिने छैन[१५] भनी व्यवस्था गरेको छ ।

## घ) बालबालिकासम्बन्धी ऐन, २०७५

बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेको भनि परिभाषित गरेको छ ।[१६] यसैगरी बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने गराउनेलाई कसूरदार कायम

---

९. मुलुकी अपराध संहिता, २०७४, दफा १७३ (१)
१०. ऐ., दफा १७३(२)
११. ऐ., दफा १७३(३)
१२. ऐ., दफा २१९(२)
१३. मुलुकी देवानी संहिता, २०७४, दफा ७०(१)(घ)
१४. ऐ., दफा ७२(१)(ग)
१५. ऐ., दफा ७४(२)(ग)
१६. बालबालिका सम्बन्धी ऐन, २०७५, दफा २(ञ)

गरिएको छ ।[१७] उक्त ऐनमा प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउनेअधिकारको सुनिश्चितता गरेको छ ।[१८] त्यसैगरी पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिव क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा कसुरदारबाट भराई दिने व्यवस्था गरेको छ ।[१९] कुनै पनि बालबालिकाविरूद्धको कसूरबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यमबाट सूचना वा समाचार सम्प्रेषण गर्ने, प्रहरी, सरकारी वकिल वा बाल अदालतले पीडित बालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने[२०] व्यवस्था गरी पीडित बालबालिकाको हकमा गोपनियता सम्बन्धमा व्यवस्था गरेको छ ।

## ङ) नेपालका विभिन्न अदालतहरूबाट बालविवाह सम्बन्धमा भएका महत्वपूर्ण निर्णयहरू

### (अ) सर्वोच्च अदालतको फैसला

बालविवाह बिरूद्ध नेपालको सर्वोच्च अदालतले पनि थुप्रै आदेशहरु गरेकोछ । अदालतले आदेश मार्फत निमार्ण गरेको विधिशास्त्रको पालना मात्रै हुने हो भने पनि धेरै परिणाम देखिने थियो ।

✦ **महिला, कानुन र विकास मञ्चको हकमा अधिवक्ता सपना प्रधान मल्ल समेत विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**

मुलुकी ऐन विहावरीको महलको २ नं. को व्यवस्था र विवाह दर्ता ऐन, २०२८ को दफा ४(३) को व्यवस्थाबीच एक आपसमा एकरूपता नदेखिएकोले कानुनमा आवश्यक संशोधन गर्न सरकारलाई आदेश दिएको ।

दण्डनीय अपराध हुँदा हुँदै पनि बालविवाहका घटनाहरूको व्यापकता प्रति अदालतको ध्यानाकर्षण । बालविवाहको घटनाको अनुपातमा आरोपित पीडकहरूलाई अभियोजन गर्ने कार्य साह्रै न्यून रहेको बिषयलाई गम्भीर रूपमा लिंदै बालविवाह विरूद्धको विदमान कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गऱ्यो ।

*(फैसला मिति २०६३ असार २९ गते, नेकाप २०६३, निर्णय नम्बर ७६५९, अंक ३, पृष्ठ २८९)*

✦ **जनहित संरक्षण मञ्च (प्रो पब्लिक) एवं अधिवक्ता रमा पन्त खरेल विरूद्ध नेपाल सरकार समेत**

मुलुकी ऐन विहावरीको महलको २ नं. मा उल्लेखित संरक्षकको मन्जुरी नभएमा २० वर्ष नपुगी विवाह गर्न नहुने र सोही नं. को ९ मा १८ वर्ष उमेर नपुगी विवाह भएकोले १८ वर्ष उमेर पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ भन्ने कानुनी व्यवस्थाले विवाहका सन्दर्भमा पक्षले स्वतन्त्र सहमति जनाउने उमेरमा भिन्नता भएकोले ती कानुनहरूमा सामञ्जस्यता ल्याउने गरी कानुन संशोधन गर्न सर्वोच्च अदालतले आदेश जारी गऱ्यो ।

बालबालिकाको सर्वोत्तम हित हेर्ने कर्तव्य तोकेका पक्ष नै बालविवाह गर्न संलग्न भै सो कार्य गर्ने गराउने भएकोलले बालविवाहका सम्बन्धमा सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु जरूरी भएको अदालतको ठहर । सर्वोच्च अदालतले बालविवाह विरूद्ध कानुनको प्रभावकारी कार्यान्वयन गर्न गराउन सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गऱ्यो ।

*(फैसला मिति २०६३ माघ ११, २०६३ सालको रिट नं. ध्क १२८)*

---

१७. ऐ. दफा ६६(ण)
१८. ऐ. दफा ३(१)
१९. ऐ. दफा ७३(१)
२०. ऐ. दफा ७८(२)(३)

✦ **जनहित संरक्षण मञ्च (प्रो पब्लिक) विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**

वैकल्या लगायतका प्रथा, परम्परा र प्रचलनको नाउँमा बालिका तथा महिलाहरूमाथि भैरहेको हिंसा, शोषण र विभेद रोक्न, वैकल्या प्रथाको अन्त्य गर्न र यसको कारकको रुपमा रहेका दाइजो लगायत अन्य कारणहरूको जरासम्म पुगेर सो प्रथाको समूल अन्त्य गर्ने कानुनी, संस्थागत र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु गराउनु भन्ने निर्देशनात्मक आदेश जारी गऱ्यो ।

वैकल्या प्रथाको समस्याको प्रकृति र परिणामको अध्ययन गर्न समेत अदालतले आदेश दियो । वैकल्या प्रथाको कारण माइती घरमै बालविधवाको रूपमा बसेका वा पतिले नलगी छाडिएका महिलाहरूलाई अंश हक दिने कानुनमा व्यवस्था नभएको र नाबालक अवस्थामै भएको विवाहको कानुनी अभिलेख नहुनुको साथै लोग्ने पक्षले स्वीकार गरी घर नलगेको अवस्थामा त्यस्ता पीडितहरूको पारिवारिक हैसियत र अंश हकको समस्या उत्पन्न हुने र वैयक्तिक हैसियत र सम्पत्तिको अधिकारको लागि विभिन्न समस्या भोग्नुपर्ने अवस्था टड्कारो देखिएको बारेमा पनि अदालतले टिप्पणी गऱ्यो ।

*(फैसला मिति २०६९ साल जेठ ३ गते, नेकाप २०६९, निर्णय नम्बर ८९०१, अंक १०, पृष्ठ १५३४)*

### (आ) जिल्ला अदालतवाट भएको फैसलाहरू

✦ **सोह्र वर्षभन्दा कम उमेरको बालिकासँग विवाह गरेर करणी गरेमा बालविवाह र जबरजस्ती करणी गरेको ठहर्ने**

"पीडितको उमेर वारदातको खत सोह्र वर्षभन्दा कम रहेको अवस्थामा पीडितसँग प्रतिवादीले विवाह गरेको तथा पीडितले कराणीको लागि सहमति जनाएको भन्ने जस्ता तर्कले कानुनी मान्यता प्राप्त गर्न सक्ने अवस्था रहँदैन । तसर्थ उल्लिखित व्यवस्था, तथ्य विवेचना समेतको आधारमा प्रतिवादी लोकबहादुर सार्कीले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिंदा जबरजस्ती करणी गरेको होइन भने पुनरावेदन जिकीर एवं प्रतिवादीको तर्फबाट लिइएको बहस जिकीरसँग सहमत हुन सकिएन । यसरी पीडित वारदातको समयमा चौध वर्षको मात्रै रहेको र निजालई ललाई फकाई विवाह गरी करणी समेत लिनु दिनु भएको कुरा स्वयं प्रतिवादी लोकबहादुर सार्कीबाट आफ्नो बयानको क्रममा अधिकारप्राप्त अधिकारी र अदालतमा स्वीकार गरेको, पीडितको उमेर चौध वर्ष रहेभएको अवस्थामा बालिकासँग भएको विवाहलाई बैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानुनसम्मत नभई जबरजस्ती करणी हुने हुँदा उल्लिखित तथ्य, व्यवस्था एवं विवेचना समेतबाट प्रतिवादी लोकबहादुर सार्कीले बालविवाहको साथै जबरजस्ती करणी समेतको कसूर र प्रतिवादी लक्ष्मीमाया वि.क.ले मुलुकी ऐन, विहावरीको महलको २ नं विपरितको बालविवाहको कसूर गरेको पुष्टि हुन आयो भनि अदालतले फैसला गरेको छ ।"

*सर्वोच्च अदाल, लक्ष्मीमाया विरूद्ध "ख" कुमारीको जाहेरीले नेपाल सरकार,*
*फैसला मिति २०७१ माघ १९, मुद्दा नं. ०६७-CR-१२८८*

✦ **बालविवाह गैरकानुनी ठहर गरी अंश तथा नागरिकता अधिकारको संरक्षण**

दैलेख जिल्लाका वडलम्जी-४ की सरिता अधिकारीस्ले तेह्र वर्षको उमेरमा कट्टीका नन्दाराम जैसीसँग विवाह गरी ०६८ पुस ६ गते अंश नलिने गरी सम्बन्ध विच्छेद गरेकी थिइन् । दैलेख जिल्ला अदालतबाटै सम्बन्ध विच्छेद भइसक्दासमेत सरिता विवाहिता हुन वा होइनन् भन्ने प्रश्न अदालतमा महत्वका साथ उठ्यो । फिरादपत्रमा स्वयं वादी अर्थात् सरिताले ०६३ चैत्र १० मा नन्दाराम जैसीसँग विहे भएको, आफूहरूबाट कुनै जायजन्म नभएको र घरमा बस्न नदिएकाले सम्बन्ध विच्छेद गर्नु परेको उल्लेख गरेकी थिइन् । सरिताको १३ वर्ष २२ दिनमा विवाह र सत्र वर्ष ९ महिना ८ दिन हुँदाको अवस्थामा सम्बन्ध विच्छेद भएकोले कानुनले

वर्जित गरेको उमेरमा भएको विवाहलाई अदालतले तथाकथितको संज्ञा दिएको थियो । बाबु राजारामबाट परित्याग गरिएको र आमाले दोस्रो विवाह गरेपछि सरिता माइतीको संरक्षणमा हुर्केकी थिइन् ।

सरिताले १३ वर्षकै उमेरमा तथाकथित विवाह गर्नुपरेको बाध्यता र कानुनले विहे गर्नका लागि तोकेको न्यूनतम उमेर अगावै सम्बन्ध विच्छेद भइसकेकोले उक्त विवाहले वैधानिक अस्तित्व नपाउने दैलेख जिल्ला अदालतको फैसलामा उल्लेख छ ।

नाबालिग अवस्थामा आमाबाबुबाट परित्यक्त भई संरक्षण पाउने लगायतका बालअधिकारबाट वञ्चित हुनुपरेको, कानुनको व्याख्या बालबालिकाको सर्वोत्तम हित हुने ढंगबाट गरिनुपर्छ भन्ने विश्वव्यापी मान्यतासमेत रहेकाले नाबालिक उमेरमा विहे गरी सम्बन्ध विच्छेदपछि माइतीमै फर्केकी सरिता अधिकारीलाई अंश दिलाई अभिभावकीय संरक्षकत्व प्रदान गर्न जिल्ला अदालतले फैसला सुनाएको हो ।

जिल्ला न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासले सरितालाई राजारामकै छोरी ठहर गर्नुका साथै बालविवहको वैधानिक अस्तित्वसमेत नहरेकाले अंश दिलाउन भनेको हो । फैसलापछि सरितालाई बाबुकै नाउँबाट नागरिकता पाउने बाटो समेत खुलेको छ ।

*दैलेख जिल्ला अदालत, सरिता कुमारी अधिकारी विरूद्ध राजाराम अधिकारी, मुद्दा नं. ७७-०६८-००२७७ फैसला मिति २०७१ भाद्र १० गते, निर्णय नं. १४*

**✦ बालविवाह गराएमा हुने सजायमा जिल्ला अदालतले गरेको सजायलाई पुनरावेदन अदालतबाट सदर**

मिति २०६५ मंसिर २६ गते सुर्खेत जिल्लाको लाटीकोइली गाविस वडा नं. ९ बस्ने वर्ष १३ की बसन्ती रखाल (वास्तविक नाम परिवर्तन) र गोविन्द सुनारका बीच बालविवाह भैरहेको अवस्थामा कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्तमा जिल्ला अदालत सुर्खेतले विवाह गर्ने प्रतिवादी गोविन्द सुनार, विवाह गराउने प्रतिवादी भीमबहादुर सुनार, तुल्सी, सुनार, मानबहादुर सुनार, रेखा सुनार, मंगल नेपाली, चन्द्रबहादुर सुनार र लक्ष्मीप्रसाद ढकालले पीडित नाबालक हुन भनि जानी जानी बालविवाह गर्ने गराउने पुष्टि भएको ठहर गर्‍यो । प्रतिवादीहरूमध्ये गोविन्द सुनार, भीमबहादुर सुनार, मानबहादुर सुनार र रेखा सुनारलाई जनही अभियोग मागदावी बमोजिम मुलुकी एने विहावरी महलको २(२) नं. बमोजिम जनही ३ महिना कैद र रू. १००० जरिवाना हुने जिल्ला अदालतले मिति २०६७८/२९ मा ठहर गर्‍यो । त्यस्तै प्रतिवादी लक्ष्मी प्रसाद ढकाललाई विहावरी महलको २(६) नं. बमोजिम रू. १००० जरिवाना गर्‍यो ।

जिल्ला अदालतको उक्त निर्णय विरूद्ध प्रतिवादीहरूमध्ये रेखा सुनार र मानबहादुर सुनारले पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदनको लागि निवेदन दिए । उक्त पुनरावेदन माथि निर्णय दिंदै पुनरावेदन अदालत सुर्खेतले जिल्ला अदालतको फैसलालाई नै सदर गर्‍यो । अदालतले पीडित बसन्ती रखालको जन्म विद्यालयबाट प्राप्त रेकर्डको आधारमा विवाहको समयमा निजको उमेर १३/५/११ दिनको देखिएको र उमेर नपुगेका व्यक्तिहरूले अघि देखि प्रेम रहेको भन्ने आारबाट मात्र कानुनले निषेध गरेको कुरालाई अन्यथा गर्न मिदैन भन्दै उमेरको सम्बन्धमा ढाँटी विवाह गराएको समेत ठहर गर्‍यो ।

*पुनरावेदन अदालत सुर्खेत, निर्णय नं. ७८, २०६७ साल ।*

## अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेज

नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूले बालविवाहलाई निषेध गरेको छ । बालविवाहविरूद्धको अधिकारलाई संरक्षण गर्ने प्रमुख अन्तर्राष्ट्रिय दस्तावेजहरु तल चार्टमा दिइएको छ :

बालविवाह विरुद्धको अधिकार संरक्षण गर्ने प्रमुख अन्तर्राष्ट्रिय दस्तावेजहरु




*(अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूमा रहेको बालविवाहविरुद्धको अधिकारसम्बन्धी विस्तृत जानकारी अनुसूची १ मा दिइएको छ ।)*

नेपाल पक्ष भएका विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजहरु अन्तर्गत राष्ट्र संघीय सन्धि अनुगमन समितिमा आवधिक रुपम प्रतिवेदन पेश गर्नुपर्दछ । नेपाल पक्ष भएको महासन्धि सो सँग सम्बन्धित सन्धि अनुगमन समिति र नेपालले प्रस्तुत गरेको मितिसहित पछिल्लो प्रतिवेदन दायाँको चार्टमा उल्लेख गरिएको छ ।



विभिन्न महासन्धिहरु अन्तर्गत पेश गरिएको प्रतिवेदनहरु माथि सम्बन्धित सन्धि अनुगमन समितिहरूले नेपाललाई निष्कर्ष सुझावहरु दिने गरेका छन् । यस्ता सन्धि अनुगमन समितिले दिएका निष्कर्ष सुझावहरूलाई पालना गर्न नेपाल कानुनी रूपमा उत्तरदायी हुन्छ ।

***बालविवाहविरूद्धको अधिकारको विषयमा विभिन्न सन्धि अनुगमन समितिहरूले नेपाललाई सुझावहरूको विस्तृत विवरण अनुसूची २ मा राखिएको छ ।***

## ६. बालविवाहविरुद्धको अधिकारका लागि खोज पत्रकारिता

### क) बालविवाहमा खोज पत्रकारिता

सामान्य अर्थमा पत्रकारिता भनेकै खोज पत्रकारिता हो । यसको अर्थ खोज पत्रकारिता पत्रकारिता भित्रको कुनै अर्कै विधा होइन । तर, अभ्यासले अब क्रमस यो पनि एउटा विधा बन्दै गएको छ । सामान्यतया नियमित जसो भइरहने गतिविधि वा घटनाको कभरेज भन्दा भित्रसम्म गएर कुनै घटना वा प्रवृति, लुकेको वा लुकाइएको कुरा उदाङ्गो बनाउनु खोज पत्रकारिता हो । सजिलोको लागि कतिपयले 'अध्यारो कोठामा बत्ति बाल्नु पत्रकारिता हो भने त्यो कोठामा खसेको सियो खोज्नुलाई खोज पत्रकारिता हो' भनेर पनि अथ्याउने गरेका छन् ।

जोन उल्मान र ज्यान कोल्बर्टका अनुसार कसैले लुकाउन चाहेको सार्वजनिक महत्वको विषयलाई पत्रकारले आफनै सक्रियतामा उदाङ्गो पार्नु नै खोज पत्रकारिता हो । उनीहरूका अनुसार खोज पत्रकारिता हुन तीनवटा आधारभूत तत्व हुनुपर्छ ।



**जनताको बोली कसरी बन्ने ?**

खोज पत्रकारिता हाते पुस्तिका अनुसार, ***"खोज पत्रकारिता पत्रकारिताको एउटा यस्तो रूप हो जहाँ संवाददाताले गहन अनुसन्धान पछि स्टोरी तयार गर्छ । त्यो लुकेको वा लुकाउन खोजिएको भ्रष्टाचार मामिला हुनसक्छ, सरकारका नीति र नीजि क्षेत्रमाथि समिक्षा हुनसक्छ, त्यस बाहेक सामाजिक आर्थिक र राजनीतक मामिलामा ध्यान तान्नेगरी गरिएको खोज हुनसक्छ । यसका लागि एउटा खोज पत्रकार वा खोज पत्रकारहरूको समुहले महिनौ वा बर्षौ समय खर्चिएको हुनसक्छ ।"***

माथिकै परिभाषा अनुसार पनि बालविवाह खोज पत्रकारिताका लागि उपयुक्त मात्रै होइन, आर्कषक बिषय हुन । यी बिषयवस्तु संग जोडिएका धेरै कुराहरु लुकेका वा लुकाउन खोजिएका हुन्छन् । यीनमा लामो अनुसन्धान गरेर पत्रकारले एउटा रहस्य बाहिर ल्याइदिन सक्छ । ठूलो जनसख्याँको चासो र सरोकारको बिषय भएकोले यो ब्यापक सार्वजनिक महत्वको विषय पनि हो ।

सामान्यतया तीन वटा विषयमा आधारित भएर खोज पत्रकारिताको बिषयवस्तु पहिचान गर्न सजिलो हुन्छ । यसरी पहिचान गरेको बिषय वस्तुको 'न्युज भ्यालु' र 'न्युज पेग' बलियो बन्न पुग्छ ।

- **आशङ्कालाई पिछा गर्ने :** यसमा कुनै संवाददातालाई शंका लागेको बिषयमा खोजबिन गरेर ठूलो समाचार तयार गर्न सक्छ । छाउपडी प्रथा एउटा उदाहरण लिउँ । नेपालको सुदुरपश्चिमको पहाडमा छाउ गोठमा किशोरीहरूको मृत्यु भएको समाचार पटक पटक पढन पाइन्छ । एउटा विवेकशिल संवाददाताले यो क्षेत्रमा यो कुप्रथा धेरै हुनुको कारण खोज्न सक्छ । यस्तो अनुसन्धानबाट उसले त्यस बाहेकका क्षेत्रमा पनि कुनै न कुनै रूपमा यो प्रथा कायमै छ भन्ने देखाउन सक्छ । हुनसक्छ यस्तो अनुसन्धानले 'शहरमा ब्याप्त छाउपडी प्रथा' को खुलासा गर्न सकोस ।
- **विरोधाभाषालाई पहिल्याउने :** नेपालमा बालविवाह कानुनत निषेध छ । तर, व्यवाहारमा यो सामान्य प्रचलनमै छ । यो विरोधाभाष किन ? एउटा सक्रिय पत्रकार यसको जवाफ खोज्न निस्कने हो भने उसले ठूलठूला खोज समाचार तयार गर्न सक्छ । यसले नीति र ब्यवाहार बीचको भिन्नता, कानुन र समाज बीचको अर्न्तविरोध, कथित संस्कृति र महिला स्वाभिमान बिचको द्धन्द्ध केलाउन सक्छ । यस्तो खोज समाचारले समाजमा कानुन बनाएर मात्रै पुग्दैन, त्यसको प्रभावकारी कार्यान्वयन गर्न समाजलाई पनि तयार पार्नुपर्छ भन्ने निचोड निकाल्न सहयोग गर्छ ।
- **किनको जवाफ :** खोज समाचारको बिषयवस्तु पहिचान गर्ने तेस्रो तरिका हो– 'किनको जवाफ खोज्ने ।' एउटा जिज्ञासु संवाददाता किनको जवाफ खोज्न निस्कियो भने उसले ठूलठूला रहस्यहरु खुलासा गरिदिन सक्छ । सुदुरपश्चिमको पहाडमा धेरै किशोरी र बालिकाले सडकमा बच्चा जन्माएको समाचारपछि सञ्चारिका समुहले गरेको एउटा खोजले यसको रहस्य खोलेको थियो । सुदुरपश्चिमको हिमाली क्षेत्रमा बसोबास गर्ने भोटे भनिने समुदाय हिउँदमा औल झर्ने र बर्षा हिमाली भेगको आफनो बसोबास क्षेत्रमा फर्कने हुँदा उनीहरु करिव ६ महिना बाटोमै बिताउँदा रहेछन् । यसको परिणाम उनीहरूका धेरै बच्चा सडकमा जन्मिदा रहेछन् ।

## ख) खोज पत्रकारितामा बालविवाह विषयबस्तुको छनौट

बालविवाह सम्बन्धमा समाचार तयार गर्नुपूर्व यस बारेमा पनि कस्तो समाचार तयार गर्न सकिएला भनेर सोच्नुपर्छ । त्यो बिषय वस्तु कति प्रभावकारी छ ? त्यो समसामयिक छ छैन भनेर विचार पुर्‍याएको अवस्थमा संवाददाताले राम्रो 'न्युज पेग' पाउन सक्छ । पत्रकारितामा यसलाई बिषय वस्तुको छनौट विधि भनिन्छ ।

**एउटा समाचार**

'बिहेको उमेर नपुग्दै सन्तानको रहर पुरा' शिर्षकको रिर्पोट बैतडी र हेटौडाको । समाचारको सार भनेको त्यहाँ कलिला नानीहरु आमा बनिरहेका छन् र यसको शारीरिक, मानसिक र आर्थिक असरहरु कति गम्भिर छन् भन्ने देखाइएको छ । वसन्तीको १५ वर्षको उमेरमा ७ कक्षा पढ्दा बिहे भएको थियो । १६ वर्षमा पहिलो र १८ पुग्दा दोस्रो छोरा जन्मिएको छ । बिहेलगत्तै गर्भवती भएपछि उनले पढ्न पाइनन् । "१५ वर्षमा बिहे भयो, १८ वर्ष पुग्दा दुई छोरा जन्मिए, धेरै सन्तान नजन्माउने सोचले परिवार नियोजन गरेकी हुँ," वसन्तीले भनिन "पढेर जागिर गर्ने धोको अधुरै रह्यो ।" *(कान्तिपुर दैनिक २० पुस २०७४)*

समाचारले कलिलो उमेरमा विवाह गरेर सन्तान जन्माएका महिलाको कथाब्यथा देखाउँछ । यसले जन्मेपछिको पीडा प्रस्टयाउँछ । दैनिक पत्रिकाको नियमित 'कभरेज' का हिसावले समय र स्रोतको सिमा हुँदाहुँदै पनि समाचार प्रस्तुति सूचनामुलक छ । संवाददाताले बिषय वस्तुको छनौटदेखि प्रस्तुतिशैलीसम्म ध्यान दियो भने यहि सूचनाको भरमा पनि प्रभावकारी समाचार तयार गर्न सक्छ ।

## विषयवस्तु छनौट गर्ने तरिका र परिप्रेक्ष्य

### बिषयवस्तु पहिचान गर्ने केहि तरिकाहरू

- **विषयवस्तु** : के बिषयमा रिर्पोटिङ गर्ने भनेर स्पष्ट हुने । बालविवाहका बारेमा पनि के र कुन मामिलामा रिर्पोटिङ्ग गर्न लागेको हो थाहा पाउने । मोटो बिषयमा रिर्पोटिङ्ग गर्दा निबन्ध मात्रै तयार हुनसक्छ ।
- **सान्दर्भिकता** : अहिले त्यो बिषय कति सान्दर्भिक छ ? अथवा त्यसलाई कसरी सान्दभिक बिषय वनाएर प्रस्तुत गर्न सकिएला भनेर थाहा पाउने । जस्तो कि लैङ्गिक हिंसा बिरूद्धको अभियान सञ्चालन भइरहेको बेला यस्ता रिर्पोटहरु थप प्रभावकारी हुनसक्छन् ।
- **असर, प्रभाव** : त्यसको असर प्रभावको मुल्याङ्कन गर्ने । नत्र ब्यर्थमा समय खेर जान्छ । जस्तो कि बाल विवाह संग सम्बन्धित नीतिगत बिषय छ भने संसद बैठक बसेको बेला उपयुक्त हुनसक्छ । त्यसले सांसदको र विशेष गरी महिला तथा बालबालिका समितिको ध्यान आर्कषण गऱ्यो भने त्यो उपयुक्त बेला हो ।

### ध्यान दिनुपर्ने तीन कुरा

- **कसरी थाहा पाउने समाचार ?** : कसैले भनेका, अरूका समाचार पढेर, पुस्तक, प्रतिवेदन, दस्तावेज, अवलोकन अथवा जुनसुकै माध्यमबाट पनि संवाददातासम्म आइपुगेको गुह्य कुराले थप समाचार खोज्न सजिलो हुन्छ । बालविवाह र यसको असर बारेका समाचारमा पनि यहि कुरा लागु हुन्छ ।
- **कहाँ पाइन्छ समाचार ?** : समाचारसंग सम्बन्धित स्रोतको पहिचान गर्ने र उसको सहयोग पाउन सकिने नसकिने अवस्थावारे ध्यान दिने । समाचारका राम्रा स्रोतहरु संवाददाताको पुर्जी हो । बालबिबाह बारेका सामग्री पाइने ठाउँ एक्किन गर्ने । नीतिगत सामग्रीदेखि कार्यान्वयन प्रक्रियाका जटिलतासम्म केलाउन सक्यो भने सामाचार बलियो हुन्छ ।
- **जोखिम आंकलन** : यो बिषयमा रिर्पोटिङ गर्न अत्तिनै जोखिम पो छ कि भनेर ध्यान दिने । कुनै गाउँमा बालविवाह भइरहेको छ भन्ने थाहा पाएपनि एक्लै बिना तयारी जाँदा आक्रमण हुने खतरा हुनसक्छ । सुरक्षा पत्रकारको प्राथमिक जिम्मेवारी हो । त्यसैले सामान्यतया पत्रकारिताका कक्षा वा समाचार कक्षमा 'जसरी पनि समाचार लिएर आउनुहोस' भनिदैन ।

## ग) बालविवाहसम्बन्धी संचार सामाग्री तयार पार्दा अपनाउनु पर्ने मापदण्डहरू

### अ) सूचना सामग्री संकलन



सूचना सामग्री संकलन पत्रकारिताको महत्वपूर्ण काम हो । यसवाट नै साना–ठूला र गतिला समाचारहरु बनाउन सकिन्छ । यसरी सूचना संकलन गर्ने संवाददातालाई सम्बन्धित सञ्चार माध्ययका आँखा पनि भनिन्छ । किनकी सञ्चार माध्यमले आफना संवाददाता मार्फत नै सवै बिषय नियालीरहेको हुन्छ ।

सूचना सामग्री संकलन यसरी नै गर्नुपर्छ भन्ने छैन । यसमा आ–आफनो शैली हुन्छ । विषय वस्तुको प्रकृतिमा पनि यो निर्भर रहन्छ । जस्तो कि दुर्गम पहाडी जिल्ला हुम्लामा 'महिला र केटाकेटीका लागि वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको दुरूपयोग कसरी भएको छ ?' भन्ने रिर्पोट र 'भरतपुर अस्पतालमा सुत्केरीको मृत्यु : अस्पतालकै आन्तरिक छानबीन प्रतिवेदनले भन्छ उनीहरूलाई बचाउन सकिन्थ्यो' भन्ने ब्रेकिङ्ग दुई समाचारमा खोज पत्रकारिता केन्द्रका लागि संवाददाताहरूले गरेको सूचना संकलन विधि भिन्नभिन्न थिए ।

हुम्लामा सामाजिक सुरक्षा भत्ताको दुरुपयोगको समाचारमा संवाददाताले सबभन्दा पहिलो जिल्ला विकास समिति (हाल समन्वय समिति) मा गएर जिल्लाभरी कसकसले कति भत्ता पाउँछ भन्ने विवरण उल्लेख भएको कागजात लिएका थिए । जिल्ला समन्वय समितिले दिन आनाकानी गरेपछि सूचनाको हक सम्बन्धि कानुन प्रयोग गर्ने जनाउ दिएपछि कार्यालयका कर्मचारीले त्यो सूचि उपलब्ध गराएका थिए । अनि सो सूची लिएर संवाददाता गाउँ पुगेका थिए । त्यहाँ भत्ता पाउनेहरूको नाम परिक्षण गर्दा धेरै पहिले मरिसकेका मानिसका नाममा पनि भर्खरै भत्ता निकालेको भेटियो । त्यति मात्रै होइन गाउँमै नभएका महिलाका नाममा भत्ता निकालेर कर्मचारीले खाएको प्रमाण फेला पऱ्यो ।

तर, भरतपुर अस्पतालमा सुत्केरी हुन आएका महिलाहरु अस्पतालको लार्पवाहीले मारिएको घटनाको रिर्पोटिङमा निस्कनु अघि संवाददातासंग त्यस्तो कुनै प्रमाण थिएन । उनीहरूलाई 'त्यहा गडबड छ' भन्ने संका मात्रै थियो । संवाददाताहरूले पहिले त्यसलाई पुस्टि गर्ने कागजात खोजे । अस्पतालले आन्तरिक समिक्षा गरेको प्रतिवेदन स्वास्थ्य मन्त्रालय पठाएको थियो । त्यो प्रतिवेदन हात पारेपछि संवाददाताहरु भरतपुर अस्पताल चितवन पुगेका थिए । प्रतिवेदन बमोजिमको कमजोरी खोज गर्नु उनीहरूको काम थियो । यसपछि उनीहरु मृतक महिलाको घरघरमा पुगेर विवरण संकलन गरेका थिए । यसरी हेर्दा पहिलोमा प्राथमिक सूचना नै माग गरेर त्यसको परिक्षण मात्रै गरिएको थियो भने दोस्रोमा बिषयवस्तुमा ढुक्क भएर थप प्रमाणको खोजी मात्रै गरिएको थियो ।

https://cijnepal.org.np/bharatpurhospital/

https://bit.ly/2vmJTTU

सामान्यतया निम्न ठाउँहरूमा सूचना पाउन सकिने सम्भावना धेरै हुन्छः

- अनौपचारिक र औपचारिक क्षेत्रहरूको पहिचान गर्ने । बालविवाहको अवस्था के छ भन्ने जानकारी औपचारिक निकाय अदालत, प्रहरी वा राज्यका अगं भन्दा गैर सरकारी संघ संस्थामा बढि पाउन सकिन्छ ।

- प्रहरी, महिला आयोग, अस्पताल, अदालतमा पुगेका यस सम्बन्धी धेरै थरि सूचना हामीलाई काम लाग्छन् ।
- उजुरीहरू, वार्षिक प्रतिवेदनहरू । उजुरी लिने निकाय र बार्षिक प्रतिवेदन प्रकाशित गर्ने निकायहरू पनि हाम्रा लागि सूचना पाइने ठाउँहरू हुन ।
- बालविवाह परिवार, समाज र संस्कार सिर्जितसमस्या हुन भनेर अनुसन्धान थालियो भने थुप्रै प्रमाणहरू भेटाउन सकिन्छ ।
- गाउँपालिका, नगरपालिका, सरकारी वकिल, नीजि वकिल समक्ष दर्ता भएका विवरणहरू ।
- अनुसन्धान कार्यदल, आयोग, समिति र तीनले दिएका प्रतिवेदनहरू ।
- आमसञ्चार माध्यमबाट आएका समाचार, विचार, सम्पादकीय टिप्पणीहरू र कार्यक्रमहरूबाट पाइने सूचना ।
- सम्बन्धित बिषयका किताब, फिल्म, डकुमेन्ट्री ।
- अनुसन्धान निकायहरू, प्राज्ञिक स्रोत केन्द्रहरू, अध्येताहरूका अध्ययन प्रतिवेदनहरू ।
- सार्वजनिक अभिलेखालय, संग्राहलय, पुस्तकालयको प्रयोग ।

### आ) तथ्याङ्क

तथ्याङ्क पत्रकारितामा नभइ नहुने विषय हो । यसको अभावमा पत्रकारिताको बिषय ब्यापक र गम्भिर हो भनेर देखाउन मुस्किल पर्छ । सामान्यतया तथ्याङ्क विनाको समाचार एक दुइ कथामा सिमित हुनपुग्छ । उदाहरणहरू, घटना विवरणहरू समेटेर त्यस्तै प्रकृतिका घटनाहरू अरू कति छन् भन्ने सम्बन्धमा आधिकारिक निकाय वा स्रोतबाट तथ्याङ्क पनि उल्लेख गरिदियो भने त्यो बिषय गम्भिर र ब्यापक असर पर्ने खालको हो भन्ने पुष्टि हुन्छ । बझाङ्गमा कुपोषण : छोरीहरू जन जोखिममा शिर्षकको समाचारलाई तलको तथ्याङ्कले झन बलियो बनाएको थियो ।

**बझाङ्गमा कुपोषण : छोरीहरू झन जोखिममा**




बझाङ जिल्लामा रहेका प्रजनन् उमेरका महिलामा पनि कुपोषणको अवस्था भयावह छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदन अनुसार बझाङ जिल्लाका प्रजनन्शील उमेरका ३९.२ प्रतिशत महिलाको शरीरमा रगतको कमी (रक्तअल्पता) हुने समस्या छ ।

प्रतिवेदन अनुसार, जिल्लामा रहेका १५ देखि ४९ वर्षका ६१ हजार २३२ महिलामध्ये २३ हजार ८८० जनामा रक्तअल्पता छ । जिल्ला समन्वय समितिको तथ्याङ्क अनुसार बझाङ जिल्लामा हुने विवाहमा करीब ६५ प्रतिशत बालविवाह हुने गर्छ । उमेर नपुगेका र कुपोषित आमाले जन्माउने शिशु पनि कुपोषित नै हुने सम्भावना धेरै हुन्छ ।

- खोज पत्रकारिता केन्द्र https://bit.ly/2lvwHGs

### इ) बिशेषज्ञका भनाइ

आफुलाई थाहा नभएको वा थाहा भए पनि सो समाचारलाई प्रस्तुतिका दृष्टिले विश्वसनीय बनाउन पनि बिशेषज्ञका भनाइहरु जरूरी पछन । बिशेषज्ञका भनाइले समाचारलाई बलियो बनाउँछ । त्यसमा पनि कतिपय बिषयमा सम्बन्धित क्षेत्रका विज्ञहरूकै भनाइबाट मात्रै पाठक/दर्शक/स्रोतालाई कुरा बुझाउन सकिने भएकोले पनि बिशेषज्ञका भनाइहरु उधृत गर्नु पर्छ । पत्रकारितामा चलनचल्तीको भाषामा यसलाई 'कोट' गर्नु भनिन्छ ।

स्रोत, जानकार व्यक्ति वा बिशेषज्ञ जो सुकैको भनाइ कोट गर्दा पनि केहि बिषयमा ध्यान दिनु जरूरी छ । जस्तो कि आफनो समाचार, कार्यक्रम वा सम्पादकीय टिप्पणीमा कहाँ नेर के कुरा कोट गर्ने भन्नेमा ध्यान दिनुपर्छ । पुरै प्यारा्ग्राफ वा पुरै पेज कोट गरियो भने त्यहाँ संवाददाता वा लेखक फेला नपरेर पुरै समाचार स्रोत वा विज्ञ मात्रै फेला पर्ने खतरा रहन्छ । तसर्थ कोट प्रयोग गर्दा आफुलाई चाहिएको ठाएँमा चाहिए जति मात्रै प्रयोग गर्नुपर्छ । अर्थात बिषयवस्तुको मुल चुरो कुरामा मात्रै सम्बन्धित बिशेषज्ञ वा स्रोतको कोट प्रयोग गर्ने ।

### ई) तुलना वा विरोधाभाष

तुलना र विरोधाभाष प्रस्तुति पनि समाचार लेख्ने एउटा तरिका हो । कतिपय अवस्थामा एउटा ठाउँको कुरा अर्को ठाउँसंग तुलना गरेर प्रस्तुत गरियो भने पनि रोचक समाचार बन्नसक्छ । जस्तो कि सिराहामा बाल क्लवहरु सक्रिय भएका कारण बालविवाहमा कमी आयो तर जाजरकोटमा बालक्लवहरु सक्रिय हूँदा हुँदै पनि यो गत बर्ष भन्दा बालविवाह यस बर्ष दोब्बर भयो भन्ने सूचना भेटियो भने समाचार रोचक बनाएर लेख्न सकिन्छ । यसले बालबिवाह घटाउन क्लव बनाएर मात्रै हुन्न भन्ने शिक्षा दिनसक्छ । त्यसैगरी विरोधाभाष पनि समाचार लेखन गर्दा अपनाइने एउटा तरिका हो । यसले पाठकलाई समाचार भित्रसम्म गएर पढन आकर्षित गर्छ । त्यसैले पत्रकारिताको भाषामा विरोधाभाषा समाचार प्रस्तुतिको दृष्टिले एउटा मानकनै मानिएको छ ।

### उ) बिश्लेषण

सामान्यतया हार्ड न्युजमा संवाददाताको भनाइ वा बिश्लेषणले स्थान पाउदैन । यो सम्भव पनि हुदैन । तर फिचर समाचार वा खोज मुलुक समाचारमा तथ्य र प्रमाण प्रस्तुत गरेर संवाददाताले आफनो भोगाइ वा बिश्लेषण पनि प्रस्तुत गर्न सक्छ । त्यसले समाचारलाई खर्दिलो र थप बिश्वासिलो बनाउँछ । तथ्य र प्रमाणबाट स्टोरीले भन्न नसकेको अथवा त्यो समाचारको भित्री पाटो खोतलेर संवाददाताले आफनो बिश्लेषण पनि प्रस्तुत गर्न सक्छ । त्यसले समाचारको भित्री पाटो उधिन्न सघाउँछ ।

### ऊ) प्रस्तुति

आमसञ्चार माध्यमको प्रकृति अनुसार समाचार तयार गर्न लाग्ने समय निर्धारण हुन्छ । छापा माध्यममा भए साँझ अबेलासम्म लगाएर लेख्न सकिन्छ । रेडियो र टेलिभिजन माध्यय भए समाचार बुलेटिन अनुसार 'डेडलाईन' निर्धारण हुन्छ । त्यसैगरी अनलाइन माध्यम भए 'डेडलाईन' त्यो भन्दा छिटो पनि हुनसक्छ । किनकी उसले हरपलको समाचार 'कभर' गर्नुपर्ने हुन्छ ।

रिर्पोटिङ सिध्याएपछि समाचार तयार गर्ने प्रक्रिया शुरू हुन्छ । यो पत्रकारका लागि हुटहुटी लाग्ने समय हो यो । कतिखेर समाचार लेखी सकेर डेस्कमा पठाउँ भन्ने हुन्छ । टेलिभिजन वा रेडियो भए सम्पादन कक्षमा पठाउँ भन्ने हुन्छ । यो परिस्थिति, अवस्था र वाध्यता बुझेर होला पत्रकारितालाई कत्तिले हतारको

साहित्य पनि भन्छन् । कतिले चाहिँ यसलाई आफनो समयको इतिहास लिपिबद्ध गर्ने काम पनि भन्छन् । त्यस अर्थमा बालविवाह जस्ता मामिलालाई कभर गरेर पत्रकारले कुरिती र समाज विकासका कुरूप उदाहरणहरु प्रस्तुत गरिरहेका हुन्छन् ।

समाचार कसरी प्रस्तुत गर्ने भन्ने सञ्चार माध्यम र पत्रकारका आ–आफना शैली हुन्छन् । कतिले यस्तो शैली पुस्तिका नै प्रकाशित गरेकै हुन्छन भने कतिले पुस्तक आकारमै प्रकाशित नगरे पनि सामान्य अभ्यासमा ल्याएका हुन्छन् । यसमै समाचारको 'बाइलाइन', 'डेटलाईन' उल्लेख हुन्छ । रेडियो र टेलिभिजनमा समाचारदाताले पृष्ठभूमि सहित आफु कहाँबाट यो समाचार दिइरहेको छु भनेर उल्लेख गर्न पनि सक्छ ।

समाचारको प्रस्तुति यस्तै हुनुपर्छ भन्ने छैन । तर सामान्यतया संसारभरी अबलम्बन गरिएका शैलीहरूमा धेरथोर एकरूपता पाइन्छ । त्यसको आधारमा समाचार निमार्ण वा प्रस्तुति गर्न सकिन्छ । बालविवाह सम्बन्धि समाचार, फिचर वा खोजमुलक समाचार तयार गर्दा यो शैली अबलम्बन गर्न सकिन्छ ।

- **उदाहरण :** कुनै समाचार उदाहरणबाट थालनी गर्दा प्रभावकारी हुनसक्छ । उदाहरण भनेको मानिसको कथा वा त्यो परिवेश जसले मानिसलाई असर गरेको हुन्छ– त्यहाँबाट प्रस्तुति शूरू गरियो भने पाठक वा दर्शकको ध्यान खिच्न सजिलो हुुन्छ ।
- **घटना विवरणहरू :** घटना विवरणहरु समाचारका महत्वपूर्ण अशं हुन । यीनलाई शुरू वा बीचमा जहाँ पनि उल्लेख गर्न सकिन्छ । सामान्यतया घटना विवरणबाट शुरू गरेको समाचार रोचक र पढ्नुपढ्नु लाग्ने हुन्छ । घटना विवरण पढि सक्दा/हेरि सक्दा नसक्दै पाठक/दर्शकको मनमा समाचारको एउटा चित्र आइसक्छ । त्यसले उसलाई अगाडीको बिषय वस्तुवारे जान्ने अभिलाषा बढाइ दिन्छ । विस्तृत रुपमा घटना विवरणहरु समेटेर लेखिने समाचारलाई 'फिचर' समाचार भनिन्छ । कतिपय अवस्थामा हार्ड न्युज मा पनि घटना विवरण समेटेर लेख्यो भने समाचार रोचक बन्नपुग्छ । खोज मुलुक समाचारका लागि त घटना विवरणहरु महत्वपूर्ण आधारहरु हुन् ।





**एउटा उदाहरण हेरौ :**

बाजुरा, बाह्रबिस–१ की तारा रावतले एक वर्ष अघि विवाह गरिन् । १४ वर्षकै उमेरमा विवाह गरेकी उनी स्थानीय भगवती माविमा कक्षा ७ मा पढिरहेकी थिइन् । विवाहलगत्तै उनले पढाइ छाड्नुर्पयो ।

बाह्रबिसकै मनसरा रावत पनि विवाह गर्दा कक्षा ७ मै पढिरहेकी थिइन् । मनसराका बुवा नन्दु परिवारको स्वीकृति बेगर १५ वर्षकै उमेरमा छोरीले विवाह गरेको बताउँछन् । विवाहसँगै उनको विद्यालय पनि रोकियो ।

उमेर नपुगी विवाह गर्नु र विद्यालय छाड्नु बाजुराका बालबालिकाका लागि सामान्य कुरा हो । जिल्लाका तत्कालिन १२ गाविसमा बालविवाह बारे हालै मात्र गरिएको सर्वेक्षणले कहालीलाग्दो तथ्य सार्वजनिक गरेको छ । गाउँ बाल संरक्षण समिति, सेभ द चिल्ड्रेन र पिसविन संस्थाको सहकार्यमा गरिएको सर्वेक्षण प्रतिवेदनमा यी गाविसमा २०७२ सालमा भएका विवाहमध्ये ७० प्रतिशत बालविवाह थिए । "वर्षभरिमा ५७३ जनाले विवाह गरेकामध्ये ४०२ जना बालबालिका पाइएका छन्" सेभ द चिल्ड्रेनका बाजुरा जिल्ला कार्यक्रम अधिकृत बाले विश्वकर्मा भन्छन् । उनका अनुसार, बालविवाह गर्नेमा २२९ बालिका र १७३ बालक छन् । सर्वेक्षण गरिएका गाविसहरूमा बाह्रबिस, वाई, जगन्नाथ, पाण्डुसेन, कोटिला, जुगाडा, बूढीगंगा, मनाकोट, गुदुखाती, बह्मतोला, तोलीदेवल र छतारा थिए । *(हिमाल खबर पत्रिका २०७४ बैशाख)* प्रतिवेदन केलाउँदै जाँदा एउटा राम्रो समाचार कसरी तयार हुन्छ भन्ने यसबाट देखिन्छ ।

### घ) बालविवाहसम्बन्धी संचार सामाग्री तयार गर्दा अवलम्बन गर्नुपर्ने मान्यताहरू

### अ) रिर्पोटिङ

आफुले सूचना पाउने ठाउँ र भेटने व्यक्ति निक्यौल गरिसकेपछि रिपोर्टिङमा निस्कन तयार हुनुपर्छ । यस पछि पनि कुन काम पहिले र कुन काम पछि गर्ने भन्ने निक्यौल गर्नु जरूरी छ । यसको अभावमा कहिलेकाँही सानो कामका लागि धेरै श्रम गर्नुपर्ने अवस्था आउनसक्छ ।

- **समाचार सम्बद्ध स्रोतसंग भेट :** आफुलाई सूचना दिने व्यक्तिसंग भेट गर्ने । समाचारको पनि मुख्य बिषय पत्ता लगाएपछि बाँकी कुरा खोज्न सजिलो हुन्छ ।
- **स्रोतसम्म पुग्ने तरिका :** समाचार स्रोतसम्म कसरी पुग्न सकिन्छ भन्ने बारेमा ध्यान दिने । बिषयवस्तुको प्रकृति र स्रोतको अवस्थाका बारेमा ख्याल राख्ने । जस्तो कि कुन सरकारी वा गैर सरकारी क्षेत्रमा काम गर्ने मानिसले तपाइलाई बालविवाह सम्बन्धि सूचना दिनसक्छ, तपाइले त्यसको निर्क्यौल गर्नुपर्छ ।
- **कानुन व्यवस्था :** समाचारसंग सम्बन्धित बिषयमा संविधान, कानुन र नियमहरूले के भन्छन भनेर ध्यान दिने । जस्तो कि बाल विवाह भनियो भने नेपालको संविधान, कानुनु र अन्य सन्धि सम्झौताहरूले यस बारेमा के भन्छन् भन्नेमा न्युनतम भएपनि जानकारी राख्नुपर्छ ।
- **विशेषज्ञको राय :** बिशेषज्ञको राय समाचारका लागि एकदमै महत्वपूर्ण बिषय हो । एउटा संवाददाता सवै मामिलामा जानकार हुन्न । अथवा उसले जानेकै बिषय पनि अरू कुनै विज्ञको तर्फबाट प्रस्तुत गर्दा पाठक, दर्शक र स्रोताले संकारहित तवरले विश्वास गर्छ । बालविवाह जस्तो संवेदनशिल मामिलामा त बिशेषज्ञको भनाइ अनिवार्य नै जरूरी हुन्छ ।
- **गौण तथ्यमा पनि ध्यान :** संवाददाताको ध्यान धेरैजसो मुख्य बिषयमा केन्द्रित हुने भएकोले कतिपय अवस्थामा गौणपक्षहरूमा गल्ती हुनपुग्छ । यस्तोमा ध्यान पुर्‍याउनु पर्छ ।

### आ) संवाददातामा न्युनतम गुणहरू

संवाददातामा न्युनतम गुणहरु हुनु जरूरी छ । नत्र जतिसुकै दौडघुप गरे पनि उसले राम्रो बिषयवस्तु तयार गर्न सक्दैन । जुनसुकै समाचार कक्षले पनि संवाददातामा निम्न गुणहरूको अपेक्षा गर्दछ ।

- **समाचार थाहा पाउन सक्ने क्षमताः** संवाददाताले कुन बिषय समाचार हो र कुन होइन भन्ने थाहा पाउनु पर्छ । एउटा संवाददातामा नभइ नहुने प्राथमिक कुरा हो यो । कुनै गाउँमा कक्षा ८/९ मा पढिरहेका केटाकेटी बीच विवाह भइरहेको छ । त्यो गाउँ ठाउँमा बुझ्दा यो त्यस ठाउँको सामान्य प्रचलन हो भन्ने थाहा पाउँदा पनि त्यहाँ राम्रो समाचार छ भनेर कुनै संवाददाताले थाहा पाएन भने उसले 'स्कुप' समाचार छुटाएको मानिन्छ ।
- **जनसम्पर्कमा पोख्त :** राम्रो जनसर्म्पक भएको संवाददाता राम्रो पत्रकार मानिन्छ । समाचार स्रोत बनाउन सक्ने र उसंग नियमित सम्पर्कमा रहनसक्नु पत्रकारको मुख्य गुण मानिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय वा कुनै जनस्थास्थ्य मामिलाको विज्ञले जिल्लामा बालविवाह भइरहेको बारेमा तपाइलाइ नभेटीकन वा तपाइले सम्पर्क नगरीकन यस्तो विवरण बताउँदै हिड्दैन । त्यसैले राम्रो समाचार पाउन राम्रो जनसम्पर्क हुनै पर्छ । नत्र राम्रो समाचार अरूले नै पाउँछ ।
- **सूचना प्रविधिको जानकार :** सूचना प्रविधिका मामिलामा न्युनतम जानकारी नराख्ने संवावदातालाई अव पत्रकारिता गर्न असम्भव हुने अवस्था आइसकेको छ । कुनै बेला इमेल, इन्टरनेटबारे जानकारी भएपुग्थ्यो भने अव आफुले रिर्पोटिङ गरिररहेको बिषय कहाँ कुन अवस्थामा फेला पार्न सकिन्छ भन्नेमा पनि जानकार हुनु अनिवार्य छ ।

- **असजिलो समयमा काम गर्न सक्ने क्षमता :** असजिलो समय र अवस्थामा काम गर्न सक्ने क्षमता पत्रकारसंग चाहिन्छ । आफुले खोजी गरिरहेको समाचार असजिलो समयमा मात्रै पाइनसक्छ । कुनै गाउँमा मध्यरातमा बाढी पहिरो आएर सुत्केरी, महिला, केटाकेटी समस्यामा परे भने फुर्सदमा दिउँसो गएर रिर्पोटिङ गर्छु भनेर हुन्न ।
- **नयाँ नयाँ समाचार खोज्ने रूची :** हरेक समय नयाँ समाचार खोजि गर्ने रूची राख्नु राम्रो पत्रकारको गुण हो । आजको प्रतिस्पर्धामा आफुलाई योग्य सावित गर्न पनि यो गुण अपरिहार्य छ । जस्तो कि मध्यपश्चिमको पहाडमा बालविवाह बढ्यो भन्ने समाचारसंग पढेर पूर्वी तराइमा पनि यो कुरिती छ भनेर त्यसको खोजीमा निस्कने पत्रकारले आफुलाई अरू भन्दा अब्बल सावित गर्नेगरी खोज समाचार ल्याउन सक्छ ।

# अनुसुची ५

अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरुमा रहेका बालविवाहविरुद्धका व्यवस्थाहरु

**महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ (Convention on Elimination of All Forms of Discrimination Against Women, 1979)**

- पक्ष राष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै बिषयहरूमा महिला विरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्वन गर्ने र खासगरी महिला र पुरूषको समानताका आधारमा निम्नलिखित अधिकारहरू सुनिश्चित गर्नेछन्:[२१]

  (क) विवाह गर्ने समान अधिकार,

  (ख) स्वतन्त्र रूपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकार,

  (ग) विवाह पश्चात् र विवाह विच्छेदको अवस्थामा समान अधिकार तथा उत्तरदायित्वहरू,

  (घ) उनीहरूको वैवाहिक स्थिति जेसुकै भए तापनि, उनीहरूका बालबालिकासँग सम्बन्धित कुराहरूमा बाबुआमाको समान अधिकार तथा उत्तरदायित्वहरूस सबै अवस्थाहरूमा बालबालिकाको हीत नै सर्वोपरी हुनेछ,

  (ङ) आफना बालबालिकाको संख्या र जन्मान्तरका विषयमा स्वतन्त्र एवं जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकारहरू तथा उनीहरूलाई यी अधिकारहरू प्रयोग गर्न सक्षम बनाउन जानकारी, शिक्षा तथा साधनमा पहुंच प्राप्त गर्ने अधिकारहरू,

  (च) बालबालिकाको संरक्षकत्व, हेरचाह, न्यासधारण र धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने सम्बन्धमा वा राष्ट्रिय कानूनमा यी अवधारणाहरू विद्यमान भएका यस्तै संस्थाहरूको सम्बन्धमा समान अधिकार तथा उत्तरदायित्वहरूस सबै अवस्थाहरूमा बालबालिकाको हीत नै सर्वोपरी हुनेछ,

  (छ) पारिवारिक नाम, पेशा र व्यबसाय छनौट गर्ने अधिकार लगायत पति र पत्नीको समान व्यक्तिगत अधिकारहरू,

  (ज) सम्पत्तिको स्वामित्व, प्राप्ती, व्यवस्थापन, संचालन, भोगचलन र वेचबिखनका सम्बन्धमा, निशुल्क वा मूल्यवान प्रतिफल वापत जे भएपनि पति र पत्नी दुबैको समान अधिकार ।

- बालकको वैवाहिक वाग्दान र बाल विवाहको कानूनी मान्यता हुनेछैन र विवाहको लागि न्यूनतम उमेर तोक्ने तथा विवाहलाई सरकारी पञ्जिकाधिकारी समक्ष अनिवार्य रूपले दर्ता गर्नुपर्ने कानूनी व्यवस्था लगायतका सबै आवश्यक कारवाही गरिनेछ ।[२२]

---

२१. महिला विरूद्धका सवै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९, धारा १६(१)
२२. ऐ. धारा १६(२)

**बालअधिकार महासन्धि (Convention on the Rights of the Child (CRC))**

- पक्ष राष्ट्रहरूले आफ्नो क्षेत्राधिकारभित्रका प्रत्येक बालबालिकालाई निजको वा निजका बाबुआमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भएपनि कुनै पनि किसिमको भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्नेछन् ।[२३]
- बालबालिकाका बाबुआमा, कानूनी संरक्षक वा परिवारका सदस्यहरूको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सबै किसिमका भेदभाव वा दण्डसजायबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अवलम्वन गर्नेछन् ।[२४]
- पक्ष राष्ट्रहरूले बालबालिकाले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको प्रयोग गर्दा उनीहरूको विकासशील क्षमतासँग मेल खाने किसिमले समुचित निर्देशन र मार्गदर्शन दिनको लागि बालबालिकाका बाबुआमा वा, लागू हुने अवस्थामा, विस्तारित परिवारका वा स्थानीय प्रथाबाट व्यवस्था भए अनुसार समुदायका सदस्यहरू, कानूनी संरक्षक वा बालबालिकाका लागि कानूनी रूपमा जिम्मेवार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार र कर्तव्यहरूको सम्मान गर्नेछन् ।[२५]
- बाँच्न पाउने प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।[२६]
- पक्ष राष्ट्रहरूले संभव भएसम्मको हदसम्म बालबालिकाको जीवन र विकास सुनिश्चित गर्नेछन् ।[२७]
- कुनै पनि बालबालिकाको गोपनियता, परिवार, घर वा पत्राचार उपर स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिनेछैन न त उनीहरूको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी रूपमा आक्रमण नै गरिनेछ ।[२८]
- बालबालिकालाई यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनी संरक्षण पाउने अधिकार हुनेछ ।[२९]
- बाबुआमा, कानूनी संरक्षक वा अन्य बालबालिकाको हेरचाह गर्ने व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यबहार, उपेक्षा वा उपेक्षित व्यबहार, दुर्व्यबहार वा शोषण, यौन दुर्व्यबहार समेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले सबै समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनेछन् ।[३०]
- पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन् । कुनै पनि बालबालिका यस्तो स्वास्थ्य स्याहार सेवाहरू उपर पहुँच पाउने अधिकारबाट वञ्चित नभएको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले प्रयत्न गर्नेछन् ।[३१]

---

२३. बाल अधिकार सम्बन्धी महासन्धि १९८९, धारा २(१)
२४. ऐ. धारा २(२)
२५. ऐ. धारा ५
२६. ऐ. धारा ६(१)
२७. ऐ. धारा ६(२)
२८. ऐ. धारा १६(१)
२९. ऐ. धारा १६(२)
३०. ऐ. धारा १९(१)
३१. ऐ. धारा २४ (१)

- पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्वन गर्नेछन् र विशेषतः निम्न कुराका लागि उपयुक्त उपायहरू ग्रहण गर्नेछन्:[३२]

  (क) शिशु तथा बाल मृत्युदर घटाउने,

  (ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिंदै सम्पूर्ण बालबालिकालाई आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहार उपलब्धता सुनिश्चित गर्ने,

  (ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही, अन्य कुराको अतिरिक्त, सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषण विरूद्ध लड्ने,

  (घ) आमाहरूको निम्ति पूर्व प्रसूति तथा प्रसूति पश्चातका उचित सेवाहरू सुनिश्चित गर्ने,

  (ङ) समाजका सबै क्षेत्रहरू, खासगरी बाबुआमा र बालबालिकाहरू बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय स्वच्छताका फाइदाहरू र दुर्घटनाहरूको रोकथामबारे जानकारी दिइएको, तत्सम्बन्धी शिक्षामा निजहरूको पहुँच भएको वा यस कार्यमा सहयोग पुऱ्याइएको कुरा सुनिश्चित गर्ने,

  (च) बाबु आमाको लागि निरोधक स्वास्थ्य स्याहार, सरसल्लाह र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने ।

- पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यबहारहरूको उन्मूलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउने छन् ।[३३]

- पक्ष राष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यबहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन् । यस प्रयोजनका लागि, पक्ष राष्ट्रहरूले खासगरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन्:[३४]

  (क) कुनै पनि गैरकानूनी यौनजन्य कृयाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा करकापमा पार्ने,

  (ख) वेश्यावृत्ति र अन्य गैरकानूनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग,

  (ग) अश्लील चित्रणको कार्यमा र सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग ।

- कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय गरिने छैन । न त अठार वर्ष भन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका कसूरहरूका लागि मृत्यूदण्डको सजाय वा रिहाई पाउने संभावना विनाको आजीवन कारावासको सजायँ नै दिइनेछ ।[३५]

---

३२. ऐ. धारा २४ (२)
३३. ऐ. धारा २४ (३)
३४. ऐ. धारा ३४
३५. ऐ. धारा ३७(क)

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (International Covenant on Civil and Political Rights (ICCPR))

- प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू आफ्ना ईलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन् ।[३६]
- प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ । कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ । स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन ।[३७]
- कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय गरिने छैन । खासगरी, कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन ।[३८]
- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाईने छैन । कानूनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।[३९]
- कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी आक्रमण नै गरिने छ ।[४०]
- प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनको संरक्षण पाउने अधिकार हुनेछ ।[४१]
- विवाहयोग्य उमेरका पुरूष तथा महिलाको विवाह गर्ने र परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिनेछ ।[४२]
- इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मन्जुरी विना विवाह सम्पन्न गरिने छैन ।[४३]
- प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले विवाह सम्बन्धमा, विवाह अवधिभर वा विवाहको विच्छेदका समयमा वर वधुहरूको अधिकार र उत्तरदायित्वहरूको समानता सुनिश्चित गर्न समुचित कदमहरू चाल्ने छन् । सम्वन्ध विच्छेद भएको खण्डमा बालबालिकाको आवश्यक संरक्षणको लागि व्यवस्था गरिनेछ ।[४४]

३६. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा २(१)
३७. ऐ. धारा ६(१)
३८. ऐ. धारा ७
३९. ऐ. धारा ९(१)
४०. ऐ. धारा १७(१)
४१. ऐ. धारा १७(२)
४२. ऐ. धारा २३(२)
४३. ऐ. धारा २३(३)
४४. ऐ. धारा २३(४)

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (International Covenant on Economic, Social and Cultural Rights (ICESCR))**

- प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरू जाति, वर्ण, लिंग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन् ।[४५]
- परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ । इच्छुक बर बधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ ।[४६]
- शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ । यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी विदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको विदा दिनुपर्दछ ।[४७]
- प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।[४८]
- यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्ः[४९]
  - (क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,
  - (ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सबै पक्षहरूको सुधार,
  - (ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,
  - (घ) विरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना ।
- प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः[५०]
  - (क) साँस्कृतिक जीवनमा सहभागी हुने,
  - (ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,
  - (ग) आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने ।

---

४५. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६, धारा २(२)
४६. ऐ. धारा १०(१)
४७. ऐ. धारा १०(२)
४८. ऐ. धारा १२(१)
४९. ऐ. धारा १२(२)
५०. ऐ. धारा १५(१)

## दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs)

दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (२०१६-२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

- संयुक्त राष्ट्रसंघको साधारण सभाले गत २०१५ को सेप्टेम्बर महिनामा सन् २०१६ देखि २०३० सम्ममा दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरू पारित गरिएको थियो ।
- दिगो विकासका लागि लैङ्गिक समानता अपरिहार्य छ । यसले लैङ्गिक समानतालाई अधिकारको साथै विकासको आधारभूत तत्वको रूपमा स्वीकार गरेको छ ।
- सन् २०३० सम्ममा लैङ्गिक समानता प्राप्तिका लागि लक्ष्य ५ मा मात्र केन्द्रित नभई अन्य १६ वटै लक्ष्यहरूमा लैङ्गिक समानताको मूलप्रवाहीकरण गर्न उत्तिकै जरूरी हुन्छ ।
- दिगो विकास लक्ष्यको उप-लक्ष्य ५.६ ले जनसंख्या तथा विकास सम्मेलन र बेइजिङ सम्मेलन कार्ययोजनाका समीक्षा बैठकहरूमा सहमति भएअनुसार यौनिक तथा प्रजनन-स्वास्थ्य एवम् अधिकारमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

## अन्य अन्तर्राष्ट्रिय दस्तावेजमा भएका व्यवस्थाहरू

- किशोरीहरूको स्वास्थ्य अधिकारसम्बन्धी बालअधिकार समितिको टिप्पणी नं. ४ मा "चाँडो विवाह र सानो उमेरमा नै हुने गर्भधारण यौनजन्य तथा प्रजनन स्वास्थ्य र एचआईभी एड्सलगायतका स्वास्थ्य समस्याका महत्वपूर्ण कारक तत्वहरू हुन्" भनिएको छ ।
- सन् २०१३ मा बालविवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाहसम्बन्धी संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सहप्रायोजन गरी बालविवाह विरूद्ध प्रतिबद्धता जाहेर गरेको थियो । त्यसैगरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बालविवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरूद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बालविवाहको अन्त्य गर्ने प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।
- सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह तथा जबरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सबलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८औं साधारण सभाबाट बालविवाह तथा जबरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि ालविवाह विरूद्धका कार्यक्रमहरू विश्वव्यापी रूपमा उच्च प्राथमिकतामा परेका छन् ।
- किशोरीहरूको स्वास्थ्य अधिकारसम्बन्धी बालअधिकार समितिको टिप्पणी नं. ४ मा "चाँडो विवाह र सानो उमेरमा नै हुने गर्भधारण यौनजन्य तथा प्रजनन स्वास्थ्य र एचआईभी एड्सलगायतका स्वास्थ्य समस्याका महत्वपूर्ण कारक तत्वहरू हुन्" भनिएको छ ।
- चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ् घोषणा र सम्बद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा बालअधिकारलाई प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरू मार्फत नागरिकहरूको आधारभूत अधिकारहरू विशेषतः बालअधिकार संरक्षणमा प्रतिबद्धता जाहेर गरेको छ ।

- बालविवाह विरूद्धको प्रयास सार्कसँग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसाविरूद्धको दक्षिण एशियाली पहल" को एक रणनीति कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरूमा "बालविवाह अन्तयका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) (Regional Action Plan to End Child Marriage in South Asia – 2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र मार्फत बालविवाह विरूद्धमा आफ्ना प्रयासहरू केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बालविवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" पनि पारित गरिएको छ ।

# अनुसूची ३

राष्ट्र संघिय सन्धि अनुगमन समितिहरुले नेपाललाई बालविवाह सम्बन्धमा दिएको सुझावहरु

## मानव अधिकार परिषदको विश्वव्यापी आवधिक समीक्षा

- महिला र बालबालिकाको गुणस्तरीय स्वास्थ्यको पहुँचका लागि नीतिगत व्यवस्था लागु गर्नु पर्ने ।
- औसत आयु सम्भाव्यता बढाउन र शिशु, बच्चा र आमाको मृत्यु दर घटाउन थप प्रयास गर्नुपर्ने ।
- मातृ र शिशुको मृत्यु दर घटाउन गरि रहेको कार्य जारि राख्नुपर्ने ।
- सबै महिलालाई गुणस्तरीय यौन र प्रजनन् स्वास्थ्य हेरविचारको लागि उपाय लागु गर्ने जारि राख्नु पर्ने ।
- शैक्षिक र स्वास्थ्यको अधिकारको लागि निरन्तर कार्यक्रमहरू गरि राख्ने ।
- बालविवाह र जबजस्ती विवाह निर्मुल गर्ने र हानिकारक सांस्कृतिक प्रथाहरू अपराधीकरण गर्ने विधेयक स्वीकार्ने ।
- बालविवाह अन्त्य गर्नका लागि राष्ट्रिय रणनीति कार्यान्वयन गर्ने र लैंगिक असमानता अन्त्यको लागि पहल गर्ने ।
- परिवारबीच चेतनामुलक अभियानद्वारा बालविवाह र जबजस्ती विवाह र बालबालिका बेचबिखन रोक्न तथा बालबालिका विरूद्धको हिंसा न्यूनीकरण गर्ने उपायहरू बलियो बनाउने ।

*(नेपालको दोस्रो विश्वव्यापी आवधिक समीक्षाको लागि मानव अधिकार परिषद्मा प्रस्तुत गरेको प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१५)*

## बाल अधिकार समिति

- बालविवाह विरूद्ध राष्ट्रिय रणनीति, २०१६ लाई समितिले स्वागत गर्दछ ।
- पक्ष राष्ट्रले हानिकारक प्रथाहरू उन्मुलन गर्ने गरेको पहललाई यस समितिले स्वागत गर्दछ । तर, विशेषत किशोरीहरूलाई असर पार्ने अभ्यासहरूजस्तै महिनावारीको समयमा किशोरी र महिलालाई जबर्जस्ती एकान्तमा राखिने अभ्यास (छाउपडी) लगायत विभिन्न हानिकारक प्रथा निरन्तर बिद्यमान रहेकोमा समिति गम्भिर सरोकार व्यक्त गर्दछ ।
- राज्य पक्षलाई बालिकाको शारीरिक, मानसिक स्वास्थ्यलाई असर पार्ने परम्परागत हानिकारक अभ्यासहरूलाई हटाउन सचेतना बढाउने कार्यक्रमहरू तथा त्यस्तो अभ्यासहरूलाई निषेध गर्ने कानून बनाउने तथा लागु गर्ने आग्रह गर्दछ । उक्त सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा राज्य पक्षले अपांगता भएको बालिका, ग्रामीणक्षेत्रका बालिका र दलित बालिकालाई प्राथमिकता दिन सुभाव दिन्छ ।
- समितिले संविधानमा भएको बालविवाह रोकथामको व्यवस्था, बालविवाह अन्त्यको लागि तत्काल स्वीकृति भएको रणनीति र बालविवाह अन्त्य गर्नका लागि पक्ष राष्ट्रको नेतृत्वमा दक्षिण एशियामा क्षेत्रिय योजना २०१५-२०१८ स्वागत गर्दछ । पक्ष राष्ट्रले विवाहको लागि न्युनतम उमेर सिमा किशोर र किशोरीको २० वर्ष राखेता पनि, किशोरीहरूको बालविवाह अझै भइरहेको सरोकार व्यक्त गर्दछ र विवाहको लागि न्युनतम उमेरसिमा पक्ष राष्ट्रलाई लागु गर्ने आग्रह गर्दछ ।

- बालक र बालिकाको सर्वोत्तम हित अनुसार बालविवाह बदर गर्नका लागि अपराध संहिता र देवानी संहिताको मस्यौदामा बालविवाह सम्बन्धि विरोधाभाष कानुनहरूको समिक्षा गर्ने ।
- सपना प्रधान मल्लसमेत विरूद्ध नेपाल सरकार, २०६२ को मुद्दामा सर्वोच्च अदालतको आदेश बमोजिम बालविवाहबाट किशोरी माथि हुने शारीरिक तथा मानसिक असरका बारेमा चेतनामुलक कार्यक्रम गर्ने ।
- बालविवाह बदर गर्न चाहने बालबालिका, खास गरि जसले उजुरी दिएको छ, त्यस्तो बालबालिकालाई सुरक्षा र सहायता स्थापित गर्ने ।
- २०७२ को भूकम्पको असरले बालिकालाई बालविवाहका लागि जोखिममा पारेको सम्बन्धमा समीक्षा गर्ने र बालविवाहको बढ्दो खतरालाई सम्बोधन गर्ने उपायहरू कार्यान्वयन गर्न समीक्षाबाट आएका निस्कर्षहरूलाई प्रयोग गर्ने,
- समिति पक्ष राष्ट्रभरिका किशोर किशोरीमैत्री सेवा, जसमा गोप्य परामर्श र प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्दछ, लाई स्वागत गर्दछ तर, समिति कम उमेरमा गर्भधारणको उच्च दर, गर्भ निरोधको कम प्रयोग दर र यौन संक्रमित रोग र एचआईभी जोखिम र सुरक्षित् गर्भपतनको सम्बन्धमा रहेको न्यून जानकारी प्रति सरोकार व्यक्त गर्दछ,
- किशोर किशोरीको स्वास्थ्य र विकास को सन्दर्भमा समिति राज्य पक्षलाई किशोर किशोरीको लागि बिस्तृत यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी नीति जारि गर्न र किशोर किशोरीलाई लक्षित गर्दै कम उमेरमा गर्भधारण र यौन संक्रमित रोगबाट बचावटलाई विशेष ध्यान दिदै अनिवार्य शैक्षिक पाठ्यक्रम भित्रको भागको रूपमा अर्थपूर्ण यान र प्रजनन स्वास्थ्य सिक्षा सुनिश्चित गर्ने ।

***(बाल अधिकार महासन्धि अन्तर्गतको नेपालको तेश्रोदेखि पाँचौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुभाव, २०१६)***

## आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार समिति

- महिला, अपाङ्ग, असुविधाजनक, अल्पसंख्यक व्यक्ति र समूहहरूले प्राप्त गरिसकेको अधिकारलाई नयाँ संविधानले कुनै पनि हालतमा सीमित गर्न नपाउने,
- परापुर्वकालदेखि चलि आएको हानिकारक प्रथाहरूलाई हटाउन उपायहरू सञ्चालन गर्ने, यस्तो प्रथा चलि आएको जिल्ला र सामाजिक समूहभित्र वालविवाहको नकारात्मक असर र मानव अधिकार उल्लंघनसम्बन्धी जनचेतनामुलक अभियानहरू संचालन गर्ने,
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ लागु गर्ने, र रूढीवादीगत परम्पराको मुद्दाहरू अनुसन्धान गर्ने र जिम्मेवार व्यक्तिलाई सजाय गर्ने,
- पीडितलाई सुरक्षा र पुनर्स्थापना प्रदान गर्ने,
- सबै प्रकारको हानिकारक प्रथाहरूलाई अपराधजन्य बनाउने विधेयकको तथा वालविवाह रोकथाम सम्बन्धी राष्ट्रिय रणनीतिको शीघ्र स्वीकृत गर्ने,
- गर्भपतनलाई कानुनी मान्यता प्रदान भएको जानकारीमूलक अभियानहरू संचलान गर्ने,
- सुरक्षित गर्भपतन सेवा लगायत यौन तथा प्रजनन् स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुऱ्याउने,
- महिलाहरूको आङ खस्ने समस्या रोक्नको लागि जीवनचक्र भरि पर्याप्त यौन तथा प्रजनन् स्वास्थ्यको हेरविचार सुनिश्चित गर्ने र महिलाहरू गर्भवती भएपछि पर्याप्त आराम नपाउनुको कारण रहेको गरिबीलाई कम गर्ने उपायहरू अवलम्बन गर्ने ।

- रोकथाम गर्न सक्ने मातृ मृत्युदर दर र शिशुमृत्यु दर न्यूनिकरण गर्ने नीति र कार्यक्रमहरू अवलम्बन गर्दा संयुक्त राष्ट्र संघ उच्चायुक्तको कार्यालयबाट जारी गरिएको मानव अधिकारमा आधारित प्राविधिक निर्देशिकालाई समेत विचार पुऱ्याउने ।

*(आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध पत्र अन्तर्गतको नेपालको तेश्रो आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१४)*

## मानव अधिकार समिति

- यो समितिले नेपालमा रहेको पितृसत्तात्मक सोच र पुरातनवादी सोचले जीवनका हरेक तहमा महिला माथि हुने विभेद र विद्यमान गलत परम्पराहरू जस्तैः- बालविवाह, दाइजो प्रथा, छोराको महत्व, बोक्सीको आरोप र छाउपडी प्रथा रहेकोमा खेद प्रकट गरेको छ ।
- लैङ्गिक समानता र अविभेदको सिद्धान्तमा आधारित कानुन तथा नीतिको प्रभावकारी कार्यान्वयन गर्न, निर्णय निर्माण प्रक्रियामा महिलाको सहभागिता बढाउन, लैङ्गिक पूर्वाग्रही भूमिका हटाउन राज्य पक्षले आवश्यक कदम चाल्नु पर्दछ र प्रत्येक हानिकारक परम्परागत अभ्यासहरूलाई बन्देज गरी सो को प्रभावकारी कार्यान्वयनका लागि सबै आवश्यक तरिका अपनाउनु पर्दछ भनी सुझाव दिएको छ ।

*(राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र अन्तर्गतको नेपालको दोश्रो आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१४)*

## महिला विरूद्धको भेदभाव उन्मूलनसम्बन्धी समिति

महिला र स्वास्थ्यसँग सम्बन्धित सामान्य सिफारिस नं २४ (१९९९) को मर्म अनुरूप र दिगो विकास लक्ष्यको लक्ष्य ३.१, विश्व मृत्युदरको न्यूनीकरण, र लक्ष्य नं ३.७, बमोजिम यौनजन्य र प्रजनन स्वास्थ्य उपचार सेवामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न समिति पक्ष राज्यलाई देहायका सिफारिस गर्दछः-

- शिक्षाको सबै तहमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, सानै उमेरमा हुने गर्भधारण रोकथामको लागि जिम्मेवार यौन व्यवहार र उपायहरू तथा यौन सम्पर्कबाट सर्ने संक्रमणसम्बन्धी जानकारी समावेश गरी उमेर सुहाँउदो र लैङ्गिक संवेदनशील, बृहत यौन शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गर्ने र ती पाठ्यक्रम अध्यापन गराउन शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षण दिने;
- कुनै पनि अवस्थामा महिलालाई गर्भपतनको लागि अपराधिकरण नहुने सुनिश्चित गर्ने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन संशोधन गर्नु, जसअन्तर्गत गर्भपनतसम्बन्धी हालको कानुनी व्यवस्था जसले जबर्जस्ती करणी, हाडनाता करणी, भ्रुणमा गम्भीर कमी कमजोरी र महिलाको जीवनमा खतरा पर्ने अवस्थाका साथसाथै गर्भवती महिलाको स्वास्थ्य खतरा हुने अवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्नु र सुरक्षित गर्भपतन सेवा र स्वास्थ्य संस्था सम्बन्धी सचेतना अभिवृद्धि गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु;
- विश्वव्यापी आवधिक पुनरावलोकनका बखत गरिएका प्रतिबद्धताहरूको मर्म अनुरूप हुने गरी ग्रामीण र दुर्गम क्षेत्र लगायतका सम्पूर्ण महिलाहरू र बालिकाहरूको उच्च गुणस्तरीय र उमेर सुहाँउदा यौनजन्य र प्रजनन स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न उपायहरू सुदृढ गर्ने र पर्याप्त स्रोत वितरण गर्ने;
- दलित, आदिवासी जनजाती महिला, अपाङ्गता भएका महिला, समलिङ्गी महिला, विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति, वेश्यावृत्तिमा संलग्न महिला र दुर्गमा क्षेत्रका महिलाहरू विरूद्ध स्वास्थ्य सेवा प्रदायकहरूद्वारा भेदभाव अन्त्य गर्ने ।

*(महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१८)*

# अनुसूची ३

बालविवाह सम्बन्धी संचार सामाग्रीका केही उदाहरणहरु

**घटना अध्ययन-१**

**हेटौंडाः** १७ वर्षमात्र टेकेकी राक्सिराङ ७ काँकडाकी सेतीमाया चेपाङ पाँचौं बच्चाकी आमा बन्ने तर्खरमा छिन । एक वर्षदेखि साढे ३ वर्षसम्मका २ छोरा र २ छोरी दुब्ला, पातला र अर्धनग्न अवस्थामा छन । उमेरले किशोरी तर २५-३० वर्षको जस्तो देखिने उनको अनुहारमा रगत छैन । ६ महिनाकी गर्भवती उनी दुब्लाउँदै गएकी छन । ठमठमी हिँड्न पनि नसक्ने अवस्था छ ।

बाबुआमाले उनलाई ४ वर्षअघि १३ वर्षको उमेरमा गाउँकै १५ वर्षीय शिवमान चेपाङसँग उनको विवाह गरिदिएका थिए । उनले विवाह गरेको १० महिनापछि बच्चा जन्माउन सुरू गरेकी थिइन । बालिकाबाट किशोरी हुन नपाई आमा बन्न पुगेकी सेतीमायाको काखमा अहिले पौष्टिक आहार नपाएर सुकेनाश लागेको ११ महिनाको छोरा छ । उता डेढ वर्षकी छोरी र काखको छोरा आमाका दुवैतिरका स्तनमा मुख लगाएर दूध चुस्ने गर्छन । ओठमा हाँसो नभएकी सिन्काझैं सुकेकी सेतीमाया आफ्नो कुरा खुलस्तसँग भन्न पनि लजाउँछिन ।

उनको १९ वर्षीय पतिका अधिकांश दिन कन्दमूल खोज्न जंगलमा बित्ने गर्छन । खोरिया बारीमा उत्पादन भएको मकै र कोदोले २ महिना पनि उनको परिवारलाई खान पुग्दैन । जंगली कन्दमूलमा नै उनीहरूको जीवन धानिएको छ । उनका कुनै पनि बच्चा स्कुल जाँदैनन् । सेतीमायाले लजाउँदै भनिन, 'बाबुआमाले चाँडै नै विवाह गरिदिएपछि जानु परिगो, चाँडै विवाह गरेपछि बच्चा धेरै जन्मिन्छन् ।'

राक्सिराङ गाउँपालिका-६ की वृषामाया चेपाङ पनि १५ वर्षको उमेरमै २ बच्चाकी आमा बनेकी छिन् । १३ वर्षको उमेरमा उनले छिमेकी १४ वर्षको किशोरसँग भागी विवाह गरेकी थिइन । स्थानीय स्कुलमा चार कक्षामा पढ्दापढ्दै मन परेको केटासँग विवाह गरिन् उनले । बाबु आमाले अर्कै केटासँग विवाह गरिदिन लागेको थाहा पाएर मन परेको केटासँग भागी विवाह गरेको उनले बताइन । अधिकांश चेपाङ समुदाय बसोबास गर्ने कैलाश गाउँपालिकाको भार्ता डाँडागाउँका १५ वर्षीया राममाया चेपाङ र १६ वर्षीय रामकृष्ण चेपाङले मंसिर १ गते मागी विवाह गरे । विवाहमा गाउँका अगुवाका रूपमा चिनिने शिक्षक र राजनीतिक दलका नेताहरु पनि सहभागी थिए । त्यति मात्र होइन, भार्ताकै धनीराङका १४ वर्षीया सुन्तली चेपाङ र १५ वर्षीय एकराज चेपाङले परम्पराअनुसार नै बालविवाह गरे ।

यसैगरी भार्ता रतुवाका १३ वर्षीया सनीमाया चेपाङको १५ वर्षीय सोमबहादुर चेपाङसँग मंसिर २ गते विवाह भयो । 'यो वर्ष भार्ताको १० जोडीभन्दा बढीको बालविवाह भयो,' स्थानीयवासी महेश चेपाङले भने । मंसिरदेखि फागुनको अन्तिमसम्ममा चेपाङ समुदायले बिहे गर्ने गर्छन । उक्त गाउँमा बालिकाहरूको १२ वर्षदेखि १५ वर्ष उमेरसम्ममा विवाह हुने गरेको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले चेपाङ महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी गरेको अध्ययन प्रतिवेदनअनुसार जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने भार्तामा ८६ प्रतिशत बालिकाको १२ वर्षदेखि १५ वर्षसम्ममा विवाह हुने गरेको छ । यस मध्ये धेरैले १३ वर्षदेखि नै बच्चा जन्माउन सुरू गर्छन ।

मकवानपुरको काँकडा र भार्ता मात्र होइन, राक्सिराङ, कालिकाटार, काँकडा, खैराङ, डाँडाखर्क र सरिखेतमा पनि बालविवाह धेरै छ । राक्सिराङको खैराङमा मात्र गत वर्ष १५ जोडी चेपाङ बालबालिकाको विवाह भएको थियो ।

'उमेर नपुगीकन विवाह गर्नु हुँदैन भनेर अभिभावकलाई सम्झाउँदा पनि लुकीलुकी विवाह गराउँछन,' राक्सिराङ गाउँपालिका ९ खैराङका वडाध्यक्ष रामकुमार थिङले भने, 'अशिक्षाका कारणले चेपाङ समुदायमा बालविवाह प्रथा अझै कायम छ ।'

'छोराको चाँडै विवाह गर्यो भने बुहारीको काम खान पाइने र छोरालाई मजदुरी गराउन अन्यत्र पठाउन पाउने भएकाले चाँडै विवाह गर्ने गरिएको भार्ता धनीराङका ६६ वर्षीय आइतराम चेपाङ बताउँछन् । उनले भने, 'घर नजिकको केटा उम्केला भनेर छोरीको चाँडै बिहे गर्ने चलन छ ।' खैराङ अठारेस्थित माविका प्रअ दीपेन्द्र झाका अनुसार ४ र ५ कक्षामा पढ्दापढ्दै विवाह गर्ने चलन यहाँ व्याप्त छ । चेपाङ समुदायमा बालविवाह गर्ने चलन नियन्त्रण हुन सकेको छैन । विवाह गरेपछि उनीहरु पढ्न पनि स्कुल आउँदैनन् ।

२० वर्ष नपुगी विवाह गर्नु हुँदैन भन्ने कानुनका बारेमा चेपाङ समुदायलाई थाहा छैन । सरकारी तथा गैरसरकारी संस्थाहरूले मकवानपुरका चेपाङ बसोबास क्षेत्रमा बालविवाह विरूद्ध जनचेतनामूलक कार्यक्रम पनि चलाएका छैनन् । 'सहर र बजार वरिपरिका क्षेत्रमा मात्र बालविवाहका विरूद्धमा सरकारी तथा गैरसरकारी संस्थाले आफ्नो कार्यक्रमलाई सीमित राखेकाले बालविवाह प्रथा नियन्त्रण हुन नसकेको हो,' चेपाङ संघका पूर्वसचिव महेश चेपाङले भने, 'गैरसरकारी संस्थाहरूले चेपाङ क्षेत्रलाई आफ्नो कार्यक्षेत्र बनाउनुपर्यो ।'

सानै उमेरमा विवाह गर्यो भने छोरी रोगी हुन्छे भन्ने ज्ञान पनि उनीहरूमा छैन । बर्सेनि मकवानपुरका चेपाङ समुदायमा सयभन्दा बढी जोडीको बालविवाह हुनेगर्छ । तर, प्रहरीमा कसैका विरूद्धमा उजुरी परेको छैन । बालविवाह गर्ने, गराउने र जन्ती जानेहरूलाई हालसम्म पनि मकवानपुरमा कारबाही गरेको उदाहरण जानकारीमा छैन । 'बालविवाहविरूद्ध प्रहरीमा उजुरी नपरेकाले कारबाही नभएको हो,' प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता दिलीपराज झाले भने, 'उजुरी पर्नेबित्तिकै कानुनविपरीत कार्य गर्नेहरूलाई कारबाही गरिन्छ ।'

चेपाङ जातिमा रहेको बालविवाह, परिवार नियोजनको बारेमा भ्रम, प्रजनन स्वास्थ्यका बारेमा जानकारीको अभाव, अनिच्छामा गर्भधारण गर्नु पर्ने बाध्यता र खाद्य असुरक्षाले महिला र बालबालिकाको अवस्था अत्यन्त नाजुक रहेको प्राथमिक स्वास्थ्य केन्द्र मनहरीले जनाएको छ ।

चेपाङ समुदायका महिलाको औसत आयु ४५ वर्ष मात्र छ । चेपाङ गाउँमा ५० वर्ष पुगेका महिलाहरूको संख्या अत्यन्त न्यून छ । 'विशेष गरी चेपाङ समुदायमा रहेको बालविवाह सामाजिक समस्या हो,' समाजशास्त्रका प्राध्यापक वीरेन्द्र साहले भने, 'बालविवाहलाई निरूत्साहित गर्न समाजका सबै पक्ष सक्रिय र सजग हुन जरूरी छ ।'

***(कान्तिपुर दैनिकमा २०७५ बैशाख २७ गते प्रकाशित समाचार ।)***

## घटना अध्ययन-७

बझाङको कोटभैरव गाविसकी सुर्मा बादी सात वर्ष पुग्न लागिन् । उनको अघिल्लो वर्ष नै गाउँकै राजु बादीसँग विवाह गर्ने कुरा छिनिएको छ । १५ वर्षका उनका हुनेवाला श्रीमान राजुले भने, "विवाह खर्च जुटाई सकेका छैनौं । खर्चको जोहो भए यही दसैंमा, नभए मंसिरमा विवाह गर्ने योजना छ । यो उदाहरण नेपालका धेरै गाउँहरूका घटनासंग मिल्दोजूल्दो छ । लैङ्गिक विभेद, आर्थिक अभाव, कुरिती र अन्धविश्वास जस्ता कारणले परिवारका सदस्यहरु छोरीको छिटो विवाह गरिदिन चाहन्छन् । यतिसम्म कि "नेपालमा ५ मध्ये २ बालिका १८ बर्ष पुग्दा नपुग्दै विवाह बन्धनमा बाधिन्छन् ।"

***(आमाको दुघ नछोड्दै दुलही : उज्यालो अनलाइन १३ साउन २०७४, बझाङ्ग)***

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३
फ्याक्स : ४२४०६२७
इमेल : fwld2013@gmail.com
Website : www.fwld.org
Youtube: youtube.com/fwldofficial